# खाँदबारी नगरपालिकाको

# स्थानीय पाठ्यक्रम

# (कक्षा १-८)

# मस्यौदा

**तयार गर्ने**

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**

**खाँदवारी**

## .१. स्थानीय पाठ्यक्रमको आवश्यकता

नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १-८) को ढाँचा, २०७५ स्वीकृत भइ निरन्तर लागु भइरहेको छ । स्थानीय तहका आवश्कतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउँन तथा स्थानीय तहका, कला, संस्कृति, मूल्यमान्यता र परम्परागत स्रोतसाधनको संरक्षण र संवर्धन गर्न स्थानीय तहमा पाठ्यक्रम निर्माण गरी कार्यन्वयन गर्नुपर्ने प्रावधान छ ।

सिकाइ आफ्नो थातथलोबाटै प्रारम्भ हुन्छ । सिकाइका लागि बालबालिकाहरूले आफ्नो गाउँ तथा समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सीपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सीपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहकोआआफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम्सांस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रीय तहमा तयार गरिनेपाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेशअनुसारको ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले र संवैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु पर्ने भएको हुदाखाँदबारी नगरपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो ।

स्थानीय स्तरका व्यवसाय, पेसा एवं रोजगारलाई सम्बोधन गर्दै अन्तर राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण तथा संवर्धन गर्न स्थानीय पाठ्यक्रमको आवयकता पर्दछ । त्यसै गरी स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण रसंवर्धन गर्न एवम् भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न समेत स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

## २. विषयक्षेत्र

एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउँन र पठनपाठन गर्न सम्भाव हुँदैन त्यसैले यस पाठ्यक्रममाखाँदबारी नगरपालिकाभित्रका अध्ययन गर्नुपर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, भाषिक, साहित्यिक, सामाजिक, ऐतिहासिक, आर्थिक, स्वास्थ्य तथा सफाइ र वातावरणीय क्षेत्रसँग सम्बन्धीत ज्ञान, सीप र अभिवृत्तिका पक्षहरूलाई समेटी निम्नानुसार विषयक्षेत्र निर्धारण गरिएको छ :

क. हाम्रो खाँदबारी नगरपालिका,
ख. भाषा, कला र साहित्य,
ग. हाम्रो संस्कार, संस्कृति र व्यक्तित्व,
घ. हाम्रो सम्पदा र पर्यटन,
ङ. पेसा, उद्यमशीलता र प्रविधि,
च. स्वास्थ्य, पोषण र सरसफाइ र
छ. वातावरण, प्रकोप र हरित तथा सुरक्षित विद्यालय ।

**३. सक्षमता**

खाँदबारी नगरपालिकाभित्रका आधारभूत तह (कक्षा १(८)का विद्यालयका अध्यापन गराउँनका लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रमकोअपेक्षित सक्षमता निम्नानुसार छन्:

(क) आफ्नो टोल, छिमेक र वडा तथा खाँदबारी नगरपालिकाको भूगोल, इतिहास, जानसाङख्यिक तथ्याङ्क, शिक्षा रविकासका पूर्वाधारहरुको सामान्य परिचय ।
(ख) मातृभाषाको पहिचान, चित्र निर्माण र रङ्गरोगन, गायन र नृत्य, स्थानीय साहित्यकार र साहित्यसम्वन्धी जानकारी ।
(ग) स्थानीय चाडपर्व, धार्मिक स्थलहरु, प्रमुख जात्रा तथा मेलाहरु रप्रमुख जातजातिको परिचय
(ङ) स्थानीय पेसा, ब्यावसाय र प्रविधिको पहिचान ।

(च) सरसफाइ, भोजन, योग, प्राणायाम, ध्यान व्यायाम, स्थानीय खेलहरूको परिचय र अभ्यास

(छ) प्रकोप (आगजनी, भूकम्प, भूक्षय, बाढी, पहिरो चट्याङ, हावाहुरी) र वातावरणको संरक्षणप्रति सजक र हरित विद्यालय अवधारणाको अवलम्बन

## ४. विषय क्षेत्र र क्रम तालिका

| क्र. स. | क्षेत्र | समावेश गर्नुपर्ने मुख्याविषयवस्तु | कक्षा-१ | कक्षा-२ | कक्षा-३ | कक्षा-४ | कक्षा-५ | कक्षा-६ | कक्षा-७ | कक्षा-८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो नगरपालिका | -नगरपालिकाको सामान्य परिचय<br>-साँध र सिमाना<br>-भौगोलिकअवस्था र हावापानी<br>-जातजालि, जनसंख्या<br>-शासकीय संरचना (<br>-हाम्राविकासकापूर्बाधारहरू<br>-हाम्रा संघसंस्थाहरु | -म र मेरो परिवार | -मेरो टोल, छिमेक र नगरपालिका | मेरो वडा | --हाम्रो नगरको भूगोल । | -खाँदबारी नगरको इतिहास | -खाँदबारी नगरपालिकाको जानसाङख्यिकतथ याङ्क र शिक्षा | -खाँदबारी नगरपालिकाका विकासकापूर्वाधारहरु | -नगरपालिकाको नगरसभा, नगरकार्यपालिका र न्यायिक समितिको परिचय र कार्य |
| २ | भाषा, कलार साहित्य | -मातृभाषाको परिचय<br>-हस्तकलाचित्रकला<br>-स्थानीयगीत र नृत्य स्थानीय सर्जक र सृजनाहरु | -आफ्नोमातृभाषाको पहिचान<br>-सरल र बक्ररेखातथागोलाकार र बर्गाकार रेखाचित्रनिर्माण सामुहिकगायन | -आफ्नो र छिमेकीको मातृभाषा<br>-सरल र बक्ररेखा, गोलाकार, बर्गाकार चित्र<br>-सामुहिकतथाएकल गायन | - चित्रनिर्माण र रङ्गरोगन<br>-सामुहिकतथाएकलगायन र नृत्य | -फलफूल/रुखको चित्रनिर्माण<br>-स्थानीयबालगीत | -माटाका आकृतिहरु निर्माण<br>-स्थानीयबालकविता | -सिन्के रेखाचित्र र आकृतिनिर्माण स्थानीयबालगीत कविता | -गाउँ टोलभित्रकामातृभाषाको पहिचान<br>-काठमा आकृतिहरु निर्माण<br>-स्थानीयगीत तथा नृत्य | -नगरपालिकाभित्रका मातृभाषाको परिचय/पहिचान<br>-स्थानीय साहित्यकार, कलाकारहरु<br>-स्थानीयगीततथा नृत्य |
| ३ | ह्रम्रो संस्कार, संस्कृतिब्याक्तित्व | -जातजाति र भेषभुसा<br>-जात्रा, पर्व र मेला<br>-स्थानीयब्याक्तित्वहरु | आफ्नो परीवारमा मनाइने चाड पर्वको परिचय | छिमेककाप्रचलितधार्मिक स्थलहरु<br><br>स्थानीय स्तरमा मनाईने प्रमुखजात्रातथा मेलाहरु<br><br>स्थानीयजात्रातथा मेलाको अवसरमा लगाईने पोशाक र परिकारको नाम | स्थानीयधार्मिक स्थलहरुको महत्व<br><br>स्थानीयजातिय सस्कार(जन्म र मृत्वको परिचय)<br><br>स्थानीयजात्रा, मेला र पर्वको परिचयवताउन | खादबारी नगरपालिकाभित्रकाऐतिहासिकतथाधार्मिक स्थलहरु<br><br>खाँदबारी नगरपालिकाभित्रमनाइने मेला र जात्राको परिचय | खाँदबारी नगरपालिकाभित्रकाकुनै तीनधार्मिक महत्वका क्षेत्रको वर्णन गर्न<br><br>खादबारी नगरपालिकाभित्रकामुख्यमुख्य मेला र | स्थानीयजातिरू को वेषभूषा र चाडपर्वको पचिय<br>-स्थानीयजातिको रीतिरिवाज र धर्म संस्कृतिको परिचय,<br>-स्थानियजातीहरूले बजाउने बाजाहरूतथा | नगर पालिकाभित्र काविभिनजातको संस्कृति,संस्कार रहनसहन, वेषभूषाको परिचय र प्रयोग गर्ने तरिका तथामहत्व | सस्कार, संस्कृतिको परिचय<br>शङ्ख, पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली, खैंजडी र विनायोको परिचय खादबारी नगर भित्रकाजातीहरुको संस्कार र संस्कृति<br><br>विभिन्नजातजातिका साझा संस्कृति |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जात्राको महत्वबताउन | नृत्यको परिचय | | |
| ४ | हाम्रा सम्पदा र पर्यटन | -धार्मिक, ऐतिहासिक र सांस्कृतिक सम्पदाहरु<br>-प्राकृतिक संपदाहरु<br>जडिबुटि | -आफ्नो वरपर अबस्थित सम्पदा | -आफ्नो गाँउटोलमाअवस्थित सम्पदाकोपरिचय<br>-आफ्नो गाँउटोलमाउपलब्ध स्थानीय जडिबुटिको नाम र महत्व | -आफ्नो गाँउटोलमाअवस्थित सम्पदाको परिचय<br>-पर्यटकीय गन्तब्यको जानकारी<br>-आफ्नो गाँउटोलमाउपलब्ध स्थानीय जडिबुटीको नाम र महत्व | -खाँदबारी नगरपालिकाभित्रअवस्थित सम्पदाको परिचय, महत्व र संरक्षणका उपायहरु<br>-पर्यटनका गन्तब्यतथा स्थल<br>- नगरभित्रपाईने स्थानीय जडिबुटीहरुको नाम, महत्व र उपयोगिता | -चारधारा | -पर्यटकीय स्थल रमिते डाँडा | -खाँदबारी नगरपालिकाको विकासकापूर्वाधारहरु | -पर्यटकीय तथाधार्मिक स्थलमनकामनाधाम |
| ५ | पेसा, उधमशीलता र प्रविधि | -स्थानीय परम्परात पेसा<br>-कृषिजन्य पेसा<br>-परम्परागतप्रविधि | –स्थानीय र परम्परागत पेसाको परिचय | - स्थानीय र परम्परागत पेसाको परिचय | - स्थानीय र परम्परागत पेसा र प्रविधिको संरक्षण | - पूरानातथा स्थानीयप्रविधमाआधारित सामग्रीहरूको परिचय र प्रयोग | - निगालो/ बेत/ बाँसकोप्रयोग गरी घरायसी सामग्रीनिर्माण<br>-पानी घट्टा | - स्थानीय परम्परागत सीप र प्रविधिमाआधारित उद्योग व्यवसाय | -खाँदबारी नगरपालिका क्षेत्रभित्र सञ्चालितव्यवसाय | - स्थानीय क्षेत्रमाहुनेर गर्दै आईरहेका खेतीको परिचय<br>- पर्यटन व्यवसाय सम्बन्धीजानकारी र महत्व |
| ६ | स्वास्थ्य, पोषण र सरसफाइ | –सरसफाइ,भोजन, योग, प्राणायाम, ध्यानव्यायाम,<br>-स्थानीय खेलहरूको परिचय र अभ्यास | -शरीरका अंगहरुको सरसफाइको परिचय<br>-घर र विद्यालयको सरसफाइ<br>-कुनै दुई स्थानीय खेल | -शरीरको सरसफाइ गर्ने तरिका र अभ्यास<br>-स्थानीय खेलहरुको परिचय र महत्व। | -भोजनको आवश्यकता र महत्व ।<br>-स्थानीय खेलको अभ्यास | -स्वस्थ्यकर र पत्रु खाना (hygienic and junk food)<br>-सुत्ने उठ्ने र बस्ने तरिका<br>- कक्षाकोठाको | -प्राकृतिक र कृत्रिम गुण भएको खाना<br>- विद्यालयमाखाजाको व्यवस्थापन<br>-योगको अवधारणा र अभ्यास | -पानीपिउने सहीमात्रा र तरिका<br>-भोजनमा रेशाबोक्रा, र चोकरको महत्व<br>-प्राणायमको परिचय, महत्व र अभ्यास । | -अम्लीय र क्षारीय गुण भएको खाना<br>-व्यायामको परिचय सकारात्मक सोंचाई र चरित्र निर्माण<br>-ध्यानको परिचय, | -भोजनतथापोषणको व्यबस्थापन<br>-योगासनको परिचय र प्रकार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सरसफाइ | | | महत्व र अभ्यास | |
| ७ | वातावरण प्रकोप र हरित तथा सुरक्षितविद्यालय | -प्रकोप (आगजनी, भूकम्प, भूक्षय, बाढी, पहिरो चट्याङ, हावाहुरी)<br>-वातावरण , सुरक्षा र हरित विद्यालय | –हावापानीको परिचय<br>–प्रकोपको परिचय<br>-विद्यालय सुरक्षाको परिचय | - हावापानीको महत्व<br>- विद्यालय सुरक्षाको आवश्यकता र महत्व | -प्रकोप/ विपद्को परिचय<br>-हाम्रो वातावरण | - प्रकोप/ विपद्को परिचय<br>-फोहोर व्यवस्थापन | -प्राकृतिक र मानवजन्यप्रकोप/विपद्का प्रकार<br>-प्रदूषणको परिचय, प्रकार, स्रोत, न्यूनीकरणका उपाय | - विपद्जोखिमन्यूनीकरण<br>- विद्यालयमा हरियालीप्रवर्धन | - विपद् जोखिमन्यूनीकरणका उपाय<br>- हरित विद्यालयको अवधारणा | - हरित विद्यालयर सिकाइ<br>- इको क्लब |

## ५. पाठ्यवस्तुको विस्तृतीकरण

### कक्षा– १

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नगरपालिका | -.आफ्नो परिचय दिन<br>.-परिवारका सदस्य तथा घरमूलीको नाम र नाता बताउँन । | -म र मेरो परिवार | -आफ्नो नाम र उमेर<br>-टोल, वडा र पालिकाको नाम<br>-आफ्नो परिवारका सदस्य र नाताको नाम ।<br>-आफ्नो परिवारको सदस्य सङ्ख्या । | -शिक्षकले आफ्नो परिचय दिने र विधार्थीको परिवार र नाता झल्किने चित्र प्रस्तुत गरि छलफल गर्ने । | -.नाम र ठेगाना लेखेको वाक्य पत्ती ।<br>-परिवारको नाता र पृष्ठभूमि झल्काउने चित्र, | - विद्यार्थीलाई आफ्नो नाम र ठेगाना, परिवारका सदस्यको नाम र नाता बताउन लगाउने । | ३५ घण्टी |
| भाषा, कला र साहित्य | –आफ्नो मातृभाषाको पहिचान गर्न ।<br>-सरल र बक्ररेखा तथा गोलाकार र वर्गाकार रेखाचित्र निर्माण गर्न ।<br>-सामुहिक गायन प्रस्तुत गर्न । | -आफ्ने मातृभाषाको पहिचान<br>-सरल र बक्ररेखा तथा गोलाकार र बर्गाकार रेखाचित्र निर्माण<br>-सामुहिक गायन | -आफ्नो मातृभाषाको पहिचान<br>-सरल र बक्ररेखा निर्माण<br>-गोलाकार र बर्गाकार रेखाचित्र निर्माण<br>-सामुहिक गायन | -घरमा बोलिने भाषा सोधी मातृभाषाको पहिचान गराउने<br>-सामाग्री प्रयाग गरी सरल र बक्ररेखा तयार गर्ने अभ्यास गराउँने ।<br>-साउन्ड सिस्टमको प्रयोग गरी सामुहिक गायन अभ्यास गराउँने | -पेन्सिल, इरेजर, टेपरेकडर/साउन्ड सिस्टम | - आफ्नो घरमा बोलिने भाषाको नाम भन्न लागाउँने<br>-सरल र बक्ररेखाको प्रयोग गरि गोलाकार र वर्गाकार रेखाचित्र बनाउ लगाउने ।<br>- साउन्ड सिस्टम सुन्दै सामुहिक रुपमा गाउँनलगाउँने । | १९ घण्टी |
| हाम्रो संस्कार, संस्कुती र व्यक्तित्व | आफ्नो मनाइने चाडपर्वको सूची बनाउँन | आफ्नो परीवारमा मनाइने चाड पर्वको परिचय | आफ्ने परीवारमा मनाइने बिभिन्न चाडपर्वहरू को परीचय | आफ्नो घर र छरछिमेकमा मनाइने चाडपर्वको नाम भन्न लगाउने र छलफल गराउँने ।<br><br>सम्बन्धित चाडपर्वका विभिन्न प्रकारका पोस्टर, चित्रहरू देखाई छलफल गराउँने ।<br><br>सम्बन्धित चाडपर्व मनाएको भिडियो देखाउँने । | चाड पर्वसँग सम्बन्धित गीत<br><br>सम्बन्धित विभिन्न प्रकारका पोस्टर, चित्र<br><br>चाडपर्व मनाएको भिडियो | आफूले मनाउँने चाडपर्वको नाम भन्न लगाउँने<br><br>चाडपर्वमा खाइने खानेकुराको नाम भन्न लगाउँने<br><br>चाडपर्व मनाउने तरिकाका बारेमा अभिनय गर्न लगाउँने<br><br>आफ्ना छिमेकीले मनाउँने चाडपर्वको सूची बनाउँन लगाउँने | १९घण्टी |
| हाम्रो सम्पदा र पर्यटन | -आफ्नो वरपर अवस्थित ऐतिहासिक, तथा पर्यटकीय सम्पदाको नाम र स्थान बताउँन | -आफ्नो वरपर अबस्थित सम्पदा | -आफ्नो बासस्थान वरपर अबस्थित पाटी, पौवा, कुवा, ईनार,धारा,पधेरामठमन्दिर,गुम्बा, चैत्यका बारेमा सामान्य जानकारी | -ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाहरुको चित्र प्रदर्शन गरी तिनीहरुको नाम भन्न लगाउने ।<br>-ती सम्पदाहरुको भिडियो वा चित्र देखाएर प्रश्नोत्तर र छलफल गर्ने<br>- | -आफ्नो वरपर अवस्थित सम्पदाहरुको नाम र स्थान लेखिएका चार्ट, तस्बिर र भिडियो क्लिपहरु | -आफ्नो वरपर अवस्थित सम्पदाहरुको सूची बनाउन लगाउँने ।<br>-चित्र तथा भिडियो क्लिपहरु देखाइ नाम र स्थानको साथै अन्य सामान्य जानकारीहरु सोध्ने। | १९ घण्टी |
| पेसा, | –आफ्नो परिवारका | –स्थानीय र | –आफ्नो परिवारका सदस्यहरू | - स्थानीय मानिसहरूले गर्ने | -स्थानीय | - आफ्ना परिवारका | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| उधमशीलता र प्रविधि | सदस्यहरूले गर्ने पेसा बताउन<br>–आफ्नो छिमेकका मानिसले गर्ने पेसाहरू बताउन<br>–स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नाम बताउँन | परम्परागत पेसाको परिचय | (आमाबुबा, काकाकाकी, दाजुदिदी आदि) ले गर्ने कामहरू<br>–आफ्नो छिमेकका मानिसहरूले गर्ने पेसाहरू<br>- स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नाम | विभिन्न कामहरूको सूची बनाई विद्यार्थीहरू माफ्र्त प्रस्तुत गर्ने,<br>- विद्यार्थीहरूलाई आफ्ना घरका सदस्यहरूले गर्ने कामहरू के के हुन्भनी पालैपालो सोध्ने र कामसँग सम्बन्धित पेसा/व्यवसायको नाम बताई दिने,, जस्तै : खेतबारीमा काम गर्ने कृषक,<br>- स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नामको सूची बनाई फोटोसहित देखाउँने । | मानिसहरूले गर्ने विभिन्न कामहरूको सूची, ब्रोसर, पोस्टर, भिडियो<br>- स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नामको फोटोसहितको सूची | सदस्यहरूले गर्ने कामहरूबारे बताउन लगाउने ।<br>- कुनै काम गरिरहेको चित्र देखाई के गरिरहेको छ भनेर चिन्न लगाउने ।<br>- स्थानीय औजारहरू चिन्न लगाउँने ।<br>- साधन/ औजारको साधारण प्रयोगको अभिनय गर्न लगाउँने । | घन्टी |
| स्वास्थ्य, पोषण र सरसफाइ | -शरीरका अंगहरुको सरसफाई गर्न<br>-व्यक्तिगत सरसफाइको लागि आवश्यक सामग्रीको नाम भन्न<br>-आफ्नो र घरको सफाइगर्नुपर्ने कारण भन्न<br>-स्थानीय खेल खेल्न । | -शरीरका अंगहरुको सरसफाइको परिचय<br>-घर र विद्यालयको सरसफाई<br>-कुनै दुई स्थानीय खेल | -नाक, मुख, आँखा, कान, कपाल गोडा र शरीरको अन्य भागको सरसफाइ<br>-सरसफाइका सामग्री ब्रस, मन्जन, काँगियो, साबुन रुमाल आदिको प्रयोग<br>-कक्षाकोठा, घर, विद्यालय तथा करेसाबारी सरसफाइ<br>-कुनै दुई स्थानीय खेल खेल्ने तरिका | -सफा र फोहोरी बालकको फोटो देखाई तुलना गर्न लगाउने<br>-वालवालिका सफा भए नभएको हेरि सफा हुनका लागि सहजीकरण गर्ने<br>-सरसफाईका सामग्री देखाइ तिनीहरुको नाम भन्न र लेख्न लगाउँने<br>-कक्षाकोठा र विद्यालयको सरसफाई गर्नुपर्ने कारणका बारेमा छलफल गर्ने<br>-कक्षाकोठा र विद्यालय सरसफाई गर्ने<br>-सक्रियतापुर्वक खेल खेलाउँने । | -सफा र फोहोर बालकको तस्विर<br>-सरसफाईका सामग्रीहरु<br>-सफा र फाहोर घर विद्यालयको फोटो पोष्टर, चित्र र चार्ट आदि | -शरीर सफा गर्नुका कारण विद्यार्थीलाई भन्न लगाउने<br>-ब्रस, मन्जन, काँगियो,साबुन, रुमाल आदिको प्रयोग गरि सरसफाई गर्न लगाउँने र अवलोकन गरि मूल्याङ्कन गर्ने<br>-कक्षाकोठा र आफू सुत्नेकोठा किन सफा राख्नु पर्छ भन्न लगाउने<br>-स्थानीय खेल खेलाई मूल्याङ्न गर्ने । | २६ घण्टी |
| वातावरण, प्रकोप र हरित तथा सुरक्षित विद्यालय | – आफ्नो घर वा विद्यालय वरपर पाइने हावापानीको परिचय दिन<br>–विद्यालय सुरक्षाको सामान्य परिचय दिन | –हावापानीको परिचय<br>–प्रकोपको परिचय<br>-विद्यालय सुरक्षाको परिचय | –गर्मीजाडो हावापानी<br>–विभिन्न प्रकारका प्रकोपको नाम | - जाडो वा गर्मी वा तत्कालको हावापानीका बारेमा प्रश्नोत्तर गरी छलफल गर्ने<br>-प्रकोपको चित्र देखाउँदै प्रकोपका नाम सोध्ने र छलफल गराउँने<br>- विद्यालय वरिपरि अवलोकन भ्रमण गराई हावापानीको बारेमा जानकारी दिने । | -बाक्लो वा पातलो लुगा लगाएको मानिसको चित्र<br>-पानी पर्दा वा घामलाग्दा छाता ओढेको मानिसको चित्र, पोस्टर आदि<br>–स्थानीय क्षेत्रमा परेको वा भएको प्रकोप सम्वन्धि चित्र | –जाडो समयमा लगाउने लुगाको नाम भन्न लगाउने ।<br>–गर्मी समयमा लगाउने लुगाको नाम भन्न लगाउँने<br>–पानी परेको बेला वा घामलागेको बेला घर बाहिर निस्कदा प्रयोग हुने सामानको नाम भन्न लगाउँने<br>–आफ्नो घर वा विद्यालय वरपर भएका प्राकृतिक प्रकोपको नाम भन्न लगाउँने । | २३ घण्टी |

**कक्षा-२**

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाब्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नगरपालिका | - आफ्नो नगरपालिकाको नाम व्यक्त गर्न ।<br>- आफ्नो छिमेकका साथीहरुको नाम भन्न ।<br>- छिमेकीका घरमूलीको नाम<br>- टोल बिकास संस्थाको नाम भन्न । | -मेरो टोल, छिमेक र नगरपालिका | -नगरपालिकाको नाम<br>-आफ्नो टोल विकास संस्थाको नाम ,छरछिमेकीका साथीरुको नाम, ।<br>-छिमेकीका घरमूलीको नाम<br>-छिमेकीसँगको नाता | -. शिक्षकले आफ्नो नगरपालिका र टोल बताउँने र बिद्यार्थीलाई बताउँन लगाउने ।<br>-. विद्यार्थीलाई कक्षा र छिमेकका साथीको नाम सोध्न र भन्न लगाउने ।<br>-.छिमेकीका घरमूलकिो नाम र नाता सोधेर लेखेर ल्याउन र भन्न लगाउँने ।<br>-. साथीसँग छलफल गरी आफ्नो नगरपालिकाको नाम व्यक्त गर्न लगाउँने । | -.फ्लास कार्ड<br>- चित्र<br>-नगरपालिको नक्सा ।<br>-.श्रब्यदृश्य सामग्री । | - आफ्नो नगरपालिकाको नाम भन्न लगाउँने ।<br>-आफ्ना छरछिमेकका साथीहरुको नाम भन्न लगाउँने ।<br>- छिमेकीका घरमूलीको नाम भन्न लगाउने ।<br>- टोल विकास संस्थाको नाम भन्न लगाउँने । | ३५ घण्टी |
| भाषा, कला र साहित्य | -आफ्नो र छिमेकीको मातृभाषाको पहिचान गर्न<br>-सरल र बक्ररेखाको प्रयोग गरी चित्र निर्माण गर्न<br>-गोलाकार, बर्गाकार आकृतिका चित्र निर्माण गर्न<br>-सामुहिक तथा एकल गायन प्रस्तुत गर्न । | -आफ्नो र छिमेकीको मातृभाषा<br>-सरल र बक्ररेखा, गोलाकार, बर्गाकार चित्र<br>-सामुहिक तथा एकल गायन | -आफ्नो र छिमेकीको मातृभाषाको पहिचान<br>-सरल र बक्ररेखाका आकृति निर्माण<br>-गोलाकार, बर्गाकार चित्र निर्माण<br>-सामुहिक तथा एकल गायन | -विधार्थीको आफ्नो र छिमेकीले घर ब्यावहारमा बोलिने भाषा सोधखोज गर्ने ।<br>–सामाग्रीको प्रयोग गरी सरल तथा बक्ररेखा र त्यसमा आधारित चित्र निर्माण गराउँने ।<br>–सामाग्री प्रयोग गरी गोलाकार, बर्गाकार अकृतिका चित्र निर्माण गराउँने ।<br>-पहिला सामुहिक रूपमा | -पेन्सिल, इरेजर, टेपरेकडर/साउन्ड सिस्टम, ड्रोइङ्पेपर | -विधार्थीले आफ्नो परिवार र छिमेकमा बोल्ने भाषाको नाम भन्न लगाउँने ।<br>–सरल तथा बक्ररेखा र त्यसमा आधारित चित्र निर्माण गराउँने ।<br>-गोलाार, बर्गाकार आकृतिका चित्र निर्माण गर्न लगाउने ।<br>-सामुहिक र एकल गायन प्रस्तुत गर्न लगाउँने । | १९ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | र त्यसपछि एकल रूपमा गायन प्रस्तुत गर्ने अभ्यास गराउँने । | | | |
| हाम्रो संस्कार, संस्कृति र व्यक्तित्व | आफ्ने छिमेकमाा भएका पर्वहरुको बारेमा बताउँन<br><br>छिमेकीका जात्रा, मेलामा सहभागी भई अवलोकन गरी अनुभव वताउँन | छिमेकका प्रचलित धार्मिक स्थलहरु<br><br>स्थानीय स्तरमा मनाईने प्रमुख जात्रा तथा मेलाहरु<br><br>स्थानीय जात्रा तथा मेलाको अवसरमा लगाईने पोसाक र परीकारको नाम | स्थानिय स्तरमा रहेका प्रमुख धार्मिक स्थानको परीचय<br><br>उक्त धार्मिक स्थलमा लागने मेला वा जात्राको परिचय<br><br>स्थानिय जात्रा वा मेलामा मनाइने परम्परागत प्रचलनको चिनारी<br><br>स्थानीय जात्रा, मेला, मा लाइने र खाइने वस्तुको परिचय चिनारी | स्थानिय देवी देवता वा धार्मिक स्थलको फोटो, भिडियो देखाई छलफल र प्रश्नोत्तर गर्नलगाउने<br><br>स्थानिय स्तरमा प्रचलित धार्मिक स्थलहरुको क्षेत्र भमण गराउने<br><br>फोटो, भिडियो देखाई जात्रा र मेलामा गरिने क्रियाकलापको वारेमा छलफल गराउँने<br><br>जात्राको अवसरमा स्थानीय तहमा लगाउने लुगा र खाने कुराहरूको नमूना विद्यार्थीहरूलाई तगार गर्न लगाइ प्रदर्शन गर्न लगाउँने । | चित्र, भिडियो, बाजा<br><br>पोस्टर, लेख<br><br>परम्परागत पोसाक तथा जात्रा मेलामा खाइने खानाको नमुना<br>पावर पोइन्ट स्लाइड | स्थानीय रूपमा मनाइने जात्रा, मेलाको नाम भन्न लगाउने<br><br>क्षेत्र भ्रमण गरी सम्वन्धित क्षेत्रको बारेमा भन्न लगाउँने<br><br>विभिन्न जात्रा, पर्व, मेलामा लगाइने कपडा तथा खानाको वारेमा अनुभव बताउन लगाउँने। | १९ घण्टी |
| हाम्रो सम्पदा र पर्यटन | आफ्नो गाँउटोलमा अवस्थित ऐतिहासिक, धार्मिक,सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय सम्पदाको नाम र स्थान बताउन र सुची तयार पार्न सक्ने।<br><br>आफ्नो गाँउटोलमा उपलब्ध जडिबुटीको नाम र महत्व बताउँन | -आफ्नो गाँउटोलमा अवस्थित सम्पदाकोपरिचय<br>-आफ्नो गाँउटोलमा उपलब्ध स्थानीय जडिबुटिको नाम र महत्व | - आफ्नो गाँउटोलमा अबस्थित पाटी, पौवा, कुवा, इनार, धारा, पंधेराको नाम र स्थान<br>- मुख्य मुख्य सांस्कृतिक चाडपर्वहरु मन्दिर, गुम्बा, बिहार, चैत्य, चर्च तथा अन्य धार्मिक सम्पदाहरु<br>- आफ्नो गाँउटोलमा उपलब्ध स्थानीय जडिबुटिको परिचय र महत्व | -ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको परिचय दिने ति सम्पदाहरुको बारेमा चित्र, बृत्त चित्र, प्रश्नोत्तर तथा छलफल गरी सामान्य जानकारी दिने ।<br>-स्थानीय जडिबुटिको संकलन तथा प्रर्दन गरी तिनको परिचय र महत्व वारे बताउँने<br>-शैक्षिक भ्रमण तथा अबलोकन भ्रमण गराउँने। | -सम्पदाहरुको बारेमा तयार पारिएका चार्ट, चित्र, भिडियो क्लिप आदी स्थानीय जडिबुटिको मोडल, श्रब्यदृश्य सामग्री आदी | -आफ्नो गाँउ टोलमा अवस्थित सम्पदाहरुको चित्र, श्रब्यदृश्य सामाग्री देखाएर सामान्य परिचय दिन र महत्व दिन लगाउँने।<br>-स्थानीय जडिबुटिहरुको श्रब्यदृश्य सामाग्री देखाएर तिनको सामान्य परिचय दिन लगाउने र सुची तयार पार्न लगाउँने | १९ घण्टी |
| | | | - आफ्नो घर र छिमेकका | - विद्यालय नजिकको | - स्थानीय मानिसहरूले | - आफ्नो विद्यालय | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पेसा, उद्यमशीलता र प्रविधि | –आफ्नो छिमेकका मानिसले गर्ने पेसा/व्यवसायको परिचय दिन । | - स्थानीय र परम्परागत पेसाको परिचय | मानिसले गर्ने पेसा/व्यवसायको परिचय<br>- स्थानीय मानिसहरूले परम्परागत रूपमा गर्दै आएका पेसा/काम सम्बन्धी वर्णन | कुनै गाउँको अवलोकन भ्रमण गराइत्यहाँका मानिसहरूले के के काम गरिरहेका छन्देखाई स्थानीय क्षेत्रमा मानिसहरूले गर्ने कामहरूको परिचय दिने ।<br>- आफ्नो घरको अविभावकले गर्ने काम र त्यस कामबाट के के फाईदा भएको छ भन्ने बारेमा आफ्नो अविभावकलाई सोधी कक्षामा प्रस्तुत गर्न लगाउँने । | गर्ने विभिन्न कामहरूको सूची, ब्रोसर, पोस्टर, भिडियो<br>- पेसा व्यवसायबाट मानिसलाई हुने फाइदाहरू बुझाउने चार्ट | वरिपरिको गाउँ/सहरमा बस्ने मानिसहरूले गर्ने कामहरूको सूची बनाउँन लगाउने ।<br>- कुनै काम गरिरहेको चित्र देखाई के गरिरहेको छ भनेर चिन्न लगाउँने<br>- आफ्नो घरको अविभावकले गर्ने काम र त्यस कामबाट के के फाईदा भएको छ भन्ने बारेमा आफ्नो अविभावकलाई सोधी कक्षामा प्रस्तुत गर्न लगाउँने । | घन्टी |
| स्वास्थ्य, पोषण र सरसफाई | -व्यक्तिगत सरसफाई गर्ने सामग्रीहरुको महत्व बताउँन<br>-आफ्नो शरीरको सरसफाइगर्न<br>-दैनिक गरिने सरसफाइको सूची बनाउँन<br>-स्थानीय खेलहरुको नाम भन्न र खेल्न<br>-खेल खेल्नुको फाइदा बताउँन । | -शरीरको सरसफाई गर्ने तरिका र अभ्यास<br>-स्थानीय खेलहरुको परिचय र महत्व। | -सरसफाईका सामग्री ब्रस, मन्जन, साबुन, तौलिया र रुमालको महत्व<br>-शरीरको सरसफाइ<br>-नुहाउँने, कपडा सफा राख्ने तरिका<br>-हात मुख धुने, नुहाउने, ब्रस गर्ने, नङ् काटने कपाल कोर्ने<br>-स्थानीय खेल लुकामारी, रुमाल लुकाई, चुङ्गी, गट्टा<br>-शारीरिक तथा स्वास्थ्यको विकास<br>-सामुहिक भावनाकोविकास | -व्यक्तिगत सरसफाइ गर्ने सामग्रीको सम्वध जोडी अन्तरक्रिया गराएर भन्न लगाउँने ।<br>-शरीरको सरसफाइगरेको चित्र प्रदर्शन गरि छलफल गराउँने ।<br>-शरीरका विभिन्न अंगको सरसफाई गरेको भिडियो कक्षामा प्रदर्शन गरि छलफल गराउँने ।<br>-हात मुख धुने, नुहाउँने, ब्रस गर्ने, नङ् काट्ने, कपाल कोर्ने अभ्यास गराउँने ।<br>-स्थानीय स्तरमा खेलिने खेलहरु जस्तैः लुकामारी, रुमाल लुकाई, चुङ्गी, गट्टा खेल खेल्ने अभ्यास गराउँने।<br>-समूहगत रुपमा नियमपूर्वक खेल खेलँउँने । | -तौलिया ब्रस, मन्जन, साबुन, नेलकटर, काँगियो ।<br>-शरीरको सरसफाइ गरेको चित्र, पोष्टर स्लाइड, चुङ्गी,गट्टा, रुमाल | -शरीरका अंगहरु जस्तैः हात, खुट्टा, कपाल, जिउ अनुहार सरसफाइ गर्ने तरिका भन्न ।<br>-शरीरका कुनै २/३ वटा अंगहरु सफाई गरि देखाउन लगाउने<br>-व्यक्तिगत सरसफाइ भए नभएको कक्षामा अवलोकन गरि पृष्ठपोषण प्रदान गर्ने<br>-लुकामारी, रुमाल लुकाइ, चुङ्गी, गट्टा खेल्न लगाउने र अवलोकन गर्ने । | २६ घण्टी |
| | | | | - जाडो वा गर्मी वा | - बाक्लो वा पातलो | - जाडो समयमा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वातावरण, प्रकोप र हरित तथा सुरक्षित विद्यालय | - हावापानीको महत्व बताउँन<br>- विद्यालय सुरक्षाको आवश्यकता र महत्व बताउँन | - हावापानीको महत्व<br>- विद्यालय सुरक्षाको आवश्यकता र महत्व | - आफू बसेको ठाउँको तातो चिसो हावापानी<br>- जाडो मौसम र गर्मी मौसममा हुने अन्नबाली, तरकारी बाली, फलफूल<br>- बढी जाडो र बढी गर्मी मौसमबाट बच्ने उपाय<br>- विद्यालय सुरक्षाको परिचय<br>- विद्यालय सुरक्षाबाट हुने फाइदा | तत्कालको हावापानीका बारेमा प्रश्नोत्तर गरी छलफल गर्ने<br>- विभिन्न अन्नबाली, तरकारी बाली, फलफूलको नमुना देखाइकस्तो हावापानीमा उत्पादन हुने हो छलफल गराउँने<br>- बाक्लो लुगा, पातलो लुगा आदि लगाइने कारणबारे छलफल गराउँने<br>- विद्यालय सुरक्षाको तरिका उदाहरण दिइ प्रस्तुत गर्ने<br>- विद्यालय सुरक्षाको बारेमा समुह बनाइ अभिनय गराउँने । | लुगा लगाएको मानिसको चित्र<br>- पानी पर्दा छाता ओढेको चित्र वा पोस्टर आदि<br>- अन्नबाली, तरकारी बाली, फलफूलका नमुना<br>- विद्यालय सुक्षाको चित्र, पोस्टर | लगाउने लुगाको नाम भन्न लगाउने<br>- गर्मी समयमा लगाउने लुगाको नाम भन्न लगाउँने<br>- पानी परेको बेला घर बाहिर निस्कदा प्रयोग हुने सामानको नाम भन्न लगाउँने<br>- विभिन्न अन्नबाली, तरकारी बाली, फलफूलको नमूना देखाइकस्तो हावापानीमा उत्पादन हुन्छ सोध्ने<br>- विद्यालय सुरक्षाको तरिका अभिनय गर्न लगाउँने । | २३ घण्टी |

## कक्षा-३

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नगरपालिका | -खाँदबारी नगरपालिकाको वडासङ्ख्या र आफू बसेको वडा नं बताउँन ।<br>-आफ्नो वडाभित्रका टोलहरुको नाम बताउँन ।<br>- आफ्नो वडा कार्यालय रहेको टोलको नाम | मेरो वडा | -नगरभित्रका वडासङ्ख्या ।<br>-आफ्नो वडा नम्बर ।<br>-आफ्नो वडाभित्र टोल सङ्ख्या र तिनका नाम<br>-वडा कार्यालय | - खाँदबारी नगरपालिकाको नक्सा प्रदर्शन गरी विद्यार्थीलाई सबै वडाहरु चिनाउँने र आफ्नो वडा देखाउँन लगाउँने ।<br>- नक्सा सार्न लगाई आफ्नो वडामा रङ भर्न लगाउँने ।<br>- वडाभित्रको टोलको नाम भएको नक्सा र टोलहरुको नामको सूची प्रस्तुत गरी पढ्न,भन्न र लेख्न लगाउँने ।<br>-विद्यालय नजिकैको वडा कार्यालय भ्रमण गराईप्रश्नोत्तर गर्ने । | -नगरपालिकाको नक्सा, वडाको नक्सा ।<br>- वडा कार्यालयको तस्विर ।<br>- टोलहरुको नाम सूची । | -खाँदबारी नगरपालिकाको वडासङ्ख्या र आफू बसेको वडा नं बताउन लगाउने<br>-आफ्नो वडाभित्रका टोलहरुको नाम बताउँन लगाउँने।<br>- आफ्नो वडा कार्यालय रहेको टोलको नाम व्यक्त गर्न लगाउँने ।<br>-नगरको नक्सामा वडाको नक्सा भर्न लगाउँने।<br>-वडाको नक्साभित्र टोलको नाम भर्न लगाउँने । | ३५ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| भाषा, कला र साहित्य | -सरल र बक्ररेखायुक्त चित्र निर्माण गरी रङ्गरोगन गर्न<br>-गोलाकार, बर्गाकार आकृतिका चित्र निर्माण गरी रङ्गरोगन गर्न<br>-सामुहिक तथा एकल गायन र नृत्य गर्न | - चित्र निर्माण र रङ्गरोगन<br>-सामुहिक तथा एकल गायन र नृत्य | -सरल र बक्ररेखाको प्रयोग ।<br>-गोलाकार, बर्गाकार आकृतिका चित्र निर्माण गरी रङ्गरोकन ।<br>-सामुहिक तथा एकल गायन र नृत्य । | -सामाग्रीको प्रयोग गरी सरल तथा बक्र रेखा र त्यसमा आधारित चित्र निर्माण गराइ रङ्गरोगनसमेत गराउँने ।<br>-सामाग्रीको प्रयोग गरी गोलाकार र बर्गाकार आकृतिका चित्र निर्माण गराइ रङ्गरोकन समेत गराउँने ।<br>-पहिला सामुहिक रुपमा र त्यसपछि एकल रुपमा गायन र नृत्य प्रस्तुत गर्न अभ्यास गराउँने । | -पेन्सिल, इरेजर, पेन्सिल कलर, ड्रोइङ्पेपर, टेपरेकडर/साउन्ड सिस्टम भिडियो | -सरल तथा बक्ररेखा र त्यसमा आधारित चित्र निर्माण गराई मूल्याङ्कन गर्ने ।<br>-गोलाकार र बर्गाकार आकृतिका चित्र निर्माण गराइ रङ्गरोकनसमेन गराउँने ।<br>-सामुहिक र एकल रुपमा गायन र नृत्य प्रस्तुत गराउँने । | १९ घण्टी |
| हाम्रो संस्कार, संस्कृति र व्यक्तित्व | स्थानीय धार्मिक स्थानको नाम बताउन<br><br>स्थानीय चाड, पर्वमा लगाइने र खाइने वस्तुहरुको सुची तयार पार्न | स्थानीय धार्मिक स्थलहरुको महत्व<br><br>स्थानीय जातीय सस्कार(जन्म र मृत्युको परिचय)<br><br>स्थानीय जात्रा, मेला र पर्वको परिचय वताउँन | स्थानीय धार्मिक स्थानको धार्मिक महत्व, विशेष पूजा हुने मिति<br><br>स्थानीयबाट गरिने पूजाको विधि<br><br>जातीय संस्कारको परिचय तर विभि<br><br>स्थानीय जात्रा, पर्व र मेलामा प्रयोग हुने परम्परागत खाना र पहिरनहरु | ऐतिहासिक र धार्मिक स्थलसँग सम्बन्धीत चित्र, पोस्टर, भिडियो देखाई छलफल र प्रश्नोत्तर गर्न लगाउँने<br><br>ऐतिहासिक र धार्मिक स्थलको अवलोकन भ्रमण गराउँने<br><br>ऐतिहासिक र धार्मिक स्थलसँग सम्बन्धीत विभिन्न पर्वहरू मनाउने तरिका सिकाउँन।<br><br>जातीय संस्कारहरुको भिडियो, फोटो देखाइ छलफल गराउँने साथै कक्षामा आ आफ्ना धारणा भन्न लगाइ छलफल गराउँने<br><br>ऐतिहासिक र धार्मिक स्थलसँग सम्बन्धीत विभिन्न पर्वहरूको पूजा विधिका बारेमा भन्ने तथा स्थानीय विज्ञहरू बोलाएर अन्तरक्रिया गराउँने । | स्थानीय धार्मसग सम्बन्धित नामाङ्कित फोहाहरु तथा भिडियोहरु<br><br>मेला वा जात्रा विशेष गहना तथा पोशाकका फोटाहरु ।<br><br>स्थानिय धार्मिक स्थानहरु हुँदै गरेका धार्मिक अनुस्थानका भिडियोहरु<br><br>जातिय संस्कारमा गरिने कृयाकलाप सँग सम्वन्धीत गतिविभिहरुको भिडियो<br><br>एतिहासिक र धार्मिक तथा जात्रा र मेलामा प्रयोग हुने परम्परागत गहना तथा पोसाकहरु<br><br>पावर प्वाइन्टहरु | स्थानीय ऐतिहासिक र धार्मिक स्थलको सूची भन्न लगाउँने ।<br><br>अभिनय गर्न लगाउँने<br><br>अनुभव आदान प्रदान गर्न गराउँने ।<br><br>परम्परागत जात्रा, मेला र पर्वमा लगाइने पोशाक, गरगहना तथा खानेकुराको विवरण तयार पार्न लगाउँने । | १९ घण्टी |
| | -आफ्नो गाँउटोलमा अबस्थित ऐतिहासिक, धार्मिक, सांस्कृतिक, | -आफ्नो गाँउटोलमा अवस्थित | -आफ्नो गाँउटोलमा अवस्थित पाटी, पौवा, कुवा, इनार, धारा, | -ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाकोभ्रमण तथा अबलोकन गराई परिचय दिने। | -चित्र, बृत्त चित्र, भिडियो क्लिप, जडीबुटीहरु आदी | -आफ्नो गाँउटोलमा अवस्थित सम्पदाहरुको चित्र र भिडियो क्लिपहरु देखाएर तिनको | १९ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| हाम्रो सम्पदा र पर्यटन | प्राकृतिक तथा पर्यटकीय सम्पदाको नाम र परिचय दिन र सुची तयार पार्न।<br>-स्थानीय जडिबुटीको नाम र महत्व | सम्पदाको परिचय<br>-पर्यटकीय गन्तब्यको जानकारी<br>-आफ्नो गाँउटोलमा उपलब्ध स्थानीय जडिबुटीको नाम र महत्व | पंधेराको नाम, स्थान र सामान्य परिचय<br>-मुख्य मुख्य सांस्कृतिक चाडपर्बहरु<br>-मन्दिर, गुम्बा, विहार, चैत्य, चर्च तथा अन्य धार्मिक सम्पदाहरु<br>-स्थानीय होम स्टेको नाम र स्थान<br>स्थानीय जडिबुटीको नाम र महत्व | -ती सम्पदाहरुको बारेमा चित्र, बृत्त चित्र, प्रश्नोत्तर गरी छलफल गर्ने<br>-स्थानीय स्तरका होम स्टेहरुको बारेमा छलफल तथा प्रश्नेत्तर गर्ने<br>-स्थानीय जडिबुटिको संकलन तथा प्रदर्शन गरी तिनको परिचय र महत्व बारे बताउने | | सामान्य परिचय दिन लगाउने<br>-स्थानीय होम स्टेको चित्र र बृत्त चित्र देखाइसामान्य परिचय दिन लगाउँने ।<br>-स्थानीय जडिबुटीको नाम र महत्वब्यक्त गर्न लगाउँने । | |
| पेसा, उद्यमशीलता र प्रविधि | - स्थानीय परम्परागत पेसाको संरक्षणका उपायहरू प्रस्तुत गर्न<br>- स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको प्रयोग गर्न | - स्थानीय र परम्परागत पेसा र प्रविधिको संरक्षण | - स्थानीय परम्परागत पेसाको संरक्षणका उपायहरू<br>- स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको उपयोग<br>-जाँतो दाल मकै पिस्न ढिकी धान कुट्न | -स्थानीय क्षेत्रमा पाइने परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको सूची बनाउन लगाउँने र उक्त सामग्रीहरूको, ( उपयोगबारे छलफल गर्ने<br>-परम्परागत सामग्रीहरू,, जस्तै : हलो नाङ्लो, पानीघट्ट) बनाउने मानिसहरूसँग भेट गराइ निमार्ण प्रक्रिया अवलोकन गराउँने<br>-स्थानीय परम्परागत पेसाको संरक्षणका उपायहरूबारे जानकारी दिन स्थानीय विज्ञबाट प्रस्तुतीकरण गर्न लगाई निष्कर्ष दिने । | -स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको सूची र तिनीहरूको उपयोग सम्बन्धी पोस्टर, भिडियो<br>-पेसा व्यवसायबाट मानिसलाई हुने फाइदाहरू बुझाउँने चार्ट | -स्थानीय क्षेत्रमा पाईंने स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको चित्र सहित सूची बनाउँन लगाउने<br>-स्थानीय क्षेत्रमा पाइनेपरम्परागत प्रविधिबाट निर्मित सामग्रीहरूको उपयोगबारे प्रश्नोत्तर गर्ने<br>-पेसा व्यवसायबाट मानिसलाई हुने फाइदाहरूको सूची तयार पारी प्रस्तुत गर्न लगाउँने । | १९ घन्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य, पोषण र सरसफाई | -भोजनको परिचय दिन<br>-दैनिक भोजन तालिका निर्माण गरी प्रयोग गर्न<br>-भोजनको आवश्यकता बताउँन ।<br>-स्थानीय खेलहरुको सूची बनाउन ।<br>-स्थानीय खेलहरु खेल्न ।<br>-खेलको महत्व बताउँन । | -भोजनको आवश्यकता र महत्व ।<br>-स्थानीय खेलको अभ्यास | -भोजनको अर्थ<br>-भोजन तालिका<br>-भोजनको आवश्यकता<br>-स्थानीय खेलहरुः लुकामारी, रुमाल लुकाई, चुङ्गी, गट्टाको परिचय<br>-स्थानीय खेलको अभ्यास<br>-स्थानीय खेलको महत्व । | -भोजनको अर्थ लेखिएको चार्ट र भोजन तालिका देखाई छलफल गराउँने<br>-विद्यालयमा स्थानीय रुपमा पाइने अन्न, तरकारी, फलफूलबाट बन्ने भोजनको सूची बनाउन लगाउने र भोजनको तालिका अनुसार घर तथा विद्यालयमा प्रयोग गर्दा हुने फाइदाका बारेमा बताउँने<br>-भोजनको आवश्यकता र महत्वको बारेमा गीत बनाएर गाउन लगाउँने ।<br>-लुकामारी, रुमाल लुकाई, चुङ्गी गट्टा लगायतका खेलहरुको अभ्यास गराउँने। खेलको महत्व छलफल गराउँने।<br>-विद्यालय रहेको समुदायमा उपलबध हुने -खेलाडी तथा प्रशिक्षकसँग अन्तरक्रिया गराउँने । | -स्थानीय अन्न, फलफूल र तरकारीहरु ।<br>-फलफूल तथा तरकारीको चार्ट, खेल सामग्रीहरु,<br>-खेल खेलेको भिडियो | -भोजनको अर्थ भन्न र लेख्न लगाउँने ।<br>-भोजनको आवश्यकता किन पर्छ ? सोध्ने ।<br>-दैनिक रुपमा घरमा प्रयोग गरिने भोजन तालिका बनाउन लगाउँने ।<br>-खेलको महत्व भन्न लगाउँने<br>-विद्यार्थीले लुकामारी, रुमाल लुकाई, चुङ्गी गट्टा खेलेको अवलोकन गरि आवश्यक पृष्ठपोषण दिने ।. | २६ घण्टी |
| वातावरण, प्रकोप र हरित तथा सुरक्षित विद्यालय | -प्रकोप /विपद्को/महामारीको परिचय दिन<br>-आफ्नो वरिपरिको वातावरणको परिचय दिन | -प्रकोप/ विपद्को परिचय<br>-हाम्रो वातावरण | -प्रकोप अन्तर्गत बाढी, पहिरो, भूक्षय, भूकम्प, हुरीबतास, आगलागी, चट्याङ, सडक दुर्घटना आदिको जानकारी-प्राकृतिक वातावरण,, जस्तै : वन, वन्यजन्तु, नदी, खोलानाला, ढुङ्गा, माटो<br>-मानव निर्मित वातावरण,, जस्तै : खेतिपाती, बगैंचा, करेसाबारी, पोखरी, कुवा, मानवबस्ती, मन्दिर, गुम्बा, चैत्य, चर्च आदि | -बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागि, सडक दुर्घटना, माहामारी आदिको चित्र प्रस्तुत गर्ने र प्रत्येक चित्रका बारेमा छलफल गराउँने<br>-भूकम्प र त्यसले पुऱ्याउने हानि नोक्सानीका बारेमा बताउने, तत्सम्बन्धी चित्र प्रश्तुत गरी छलफल गराउने<br>-शिक्षणमा सूचना प्रविधिको पनि प्रयोग गर्ने<br>-वातावरणको परिचय दिँदा आफ्नै कक्षाकोठा, विद्यालय, घर तथा समुदायको वातावरणलाई उदाहरणका रूपमा छलफल गर्ने ।<br>-प्राकृतिक वातावरण,, जस्तै : वन, वन्यजन्तु, नदी, खोलानाला, ढुङ्गा, माटो तथा मानव निर्मित वातावरण,, जस्तै : खेतीपाती, बगैंचा, करेसाबारी, पोखरी, कुवा, मानववस्ती, मन्दिर, गुम्वा, चैत्य, चर्च आदिको चित्र वा भ्रमणको माध्यमवाट छलफल गराउँने । | -बाढी, पहिरो, भूक्षय आदिको चित्र/पोस्टर<br>-भूकम्पले घर भत्काएको अवस्थाको चित्र<br>-श्रव्यदृष्य सामग्रीलगायतका सूचना प्रविधि<br>-प्राकृतिक वातावरण,, जस्तै : वन, वन्यजन्तु, नदी, खोलानाला, ढुङ्गा, माटो चित्र<br>- मानव निर्मित वातावरण,, जस्तै : खेतीपाती, बगैंचा, करेसाबारी, पोखरी, कुवा, मानवबस्ती, मन्दिर, गुम्बा, चैत्य, चर्च आदिको | -आफ्नो घर वरिपरिका प्रकोप तथा विपद्को सूचि बनाउन लगाउँन<br>-आफूले देखेका/भोगेका प्रकोप तथा विपद्का घटनाहरूको नाम बताउँन लगाउँने ।<br>-वातावरणको अर्थ बताउँन लगाउँने ।<br>-वातावरणको प्रकार उदाहरणसहित भन्न लगाउँने । | २३ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | चित्र<br>-श्रव्यदृश्य सामग्रीलगायतका सूचना प्रविधि । | | |

## कक्षा-४

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नगरपालिका | -नगरपालिकाको क्षेत्रफल र भौगोलिक अवस्था बताउन ।<br>-नगरपालिकाको र वडाहरुको नक्सा निर्माण गर्न र कुल जनसङ्ख्या भन्न ।<br>-नगरपालिकाको साँध सिमाना बताउँन र नक्सामा देखाउँन । | -हाम्रो नगरको भूगोल । | .-नगरपालिकाको क्षेत्रफल र भौगोलिक अवस्था<br>-नगरपालिकाको र वडाहरुको नक्सा निर्माण<br>- नगरपालिकाको कुल जनसङ्ख्या<br>.-नगरपालिकाको साँध सिमाना | -नगरपालिकाको नक्सा देखाइ क्षेत्रफल र भौगोलिक अवस्थाका बारेमा छलफल गर्ने ।<br>-वडापिच्छेको जनसङ्ख्या टिप्न लगाएर जोडी कुल जनसङ्ख्या भन्न लगाउँने ।<br>-नगरपालिकाको नक्सा देखाइ साँध सिमाना पत्ता लगाउँन लाउँने -साँधसिमानाका जिल्ला र पालिकाहरुको नाम भन्न ,लेख्न र नक्सामा भर्न लगाउँने । | -साँधसिमाना खुलेको नक्सा ।<br>-श्रव्यदृश्य सामग्री | -नगरपालिकाको क्षेत्रफल र भौगोलिक अवस्था बताउन लगाउँने ।<br>-नगरपालिकाको र वडाहरुको स्पष्ट नक्सा निर्माण गर्न र कूल जनसङ्ख्या भन्न लगाउँने ।<br>-नगरपालिकाको साँध सिमाना बताउन र नक्सामा देखाउन लगाउँने । | ३५ घण्टी |
| भाषा, कला र साहित्य | -फलफूल तथा रुखको चित्र निर्माण गरी रङ्गरोगन गर्न<br>-स्थानीय बालगीत गाउँन | -फलफूल/ रुखको चित्र निर्माण<br>-स्थानीय बालगीत | -फलफूल/ रुखको चित्र निर्माण र रङ्गरोगन<br>-स्थानीय बालगीत | -सामाग्रीको प्रयोग गरी नमूना चित्र हेरेर फलफूल तथा रुखको चित्र निर्माण गर्न लगाने ।<br>-शिक्षकले नमूना गायन गरी वा टेपरेकडरका सहायताले लोकलयमा आधारित तथा नवसिर्जित गीत गाउँने अभ्यास गराउँने । | -पेन्सिल, इरेजर, पेन्सिल कलर, ड्रोइङ्पेपर, टेपरेकडर/साउन्ड सिस्टम | -चित्र निर्माण तथा रङ्गरोगन गरेका आधारमा मूल्याङ्कन गर्ने ।<br>-बालगीत गायनका आधारमा मूल्याङ्कन गर्ने । | १९ घण्टी |
| हाम्रो संस्कार, संस्कृति र व्यक्तित्व | खाँदवारी नगरपालिका भित्रका प्रमुख धार्मिक स्थलहरु को परीचय<br><br>खाँदबारी नगरपालिका भित्र मनाइने प्रमुख जात्राको परीचय दिन | खाँदबारी नगरपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरु<br><br>खाँदबारी नगरपालिका भित्र मनाईने मेला र जात्राको परिचय । | खाँदबारी नगरपालिका भित्र पर्ने प्रमुख धार्मिक स्थलहरुमा गासिने पूजापाठ विवरण सहितको परिचय<br><br>खाँदबारी नगरपालिका भित्र मनाईने जात्राको परिचय<br><br>प्रमुख मेलाको धार्मिक | धार्मिक स्थलहरुको बारेमा प्रश्नोत्तर गर्ने तथा स्थानीय विज्ञसँग छलफल गराउँने ।<br><br>खादबारी नगरपालिका भित्र मनाइने जात्राहरुको अभिनय गर्न लगाउँने ।<br><br>सम्वन्धित चित्र तथा भिडियो प्रदर्शन गरी कक्षामा छलफल गराउँने । | मूर्ति, बाजा, पुस्तक<br><br>जात्रामा प्रयोग गर्ने स्थानीय लुगा<br><br>पूजा सामग्री<br><br>स्थानीय जात्रासँग सम्वन्धित सामग्रीहरु<br><br>वास्तविक स्थानहरु | स्थानीय रूपमा मनाइने जात्राको नाम भन्न लगाउने<br><br>स्वस्थानी व्रत कसरी गरिन्छ भन्न लगाँउने<br><br>जातिय सस्कारको बारेमा वताउँन लगाउँने<br><br>जात्रा तथा मेलाहरुको सुची वनाउन लगाउँने | १९ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खादवारी नगरपालिका भित्र लाग्ने स्थानीय मेलाहरुको परिचय दिन । | | महत्व सहितको परिचय<br><br>आफ्नो जातिको जन्मोत्ससवमा हुने गतिविधि सहितको परिचय<br><br>आफ्नो जातिको मृत्युमा गरिने गतिविधिहरु सहितको विवरण | जात्रामा प्रयोग हुने बाजागाजाको सामग्री ल्याएर देखाउन लगाउँने ।<br><br>धार्मिक व्यक्तित्वहरुसँग अन्तरक्रिया गराउँने ।<br><br>उल्लेख गरिएका जातिहरुको जन्म तथा मृत्वमा गरिने कृयाकलापहरुको भिढियो प्रदर्शन<br>पवार प्वाइन्ट । | तथा सामग्रीहरु | | |
| हाम्रो सम्पदा र पर्यटन | -खाँदबारी नगरपालिकाभित्र अवस्थित ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदा<br>-पर्यटकीय स्थलहरुको परिचय, महत्वर संरक्षणका उपायहरु बताउँन सक्ने<br>-नगरपालिकाभित्र पाईने जडिबुटीको महत्व बताउँन सक्ने | -खाँदबारी नगरपालिकाभित्र अवस्थित सम्पदाको परिचय, महत्व र संरक्षणका उपायहरु<br>-पर्यटनका गन्तव्य तथा स्थल<br>-नगरभित्र पाईने स्थानीय जडिबुटीहरुको नाम, महत्व र उपयोगिता | -खाँदबारी नगरपालिकाभित्र अवस्थित पाटी, पौवा, ढुंगेधारा, कुवा, ईनार, पंधेराको परिचय, महत्व र संरक्षणका उपायहरु<br>-बिभिन्न जातजातीले मनाउने गरेका मुख्य मुख्य चाड पर्बहरु<br>-मन्दिर, गुम्बा, विहार, चैत्य, चर्च तथा अन्य धार्मिक सम्पदाहरु<br>-नगरपालिकाभित्र सन्चालित होम स्टे तथा पर्यटकीय गन्तव्यहरु<br>-नगरभित्र उपलब्ध जडिबुटीको परिचय र महत्व । | -खाँदबारी नगरपालिकाभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको परिचय, महत्व र संरक्षणका उपायहरु बारे श्रव्यदृश्य सामाग्री देखाउँने ।<br>-ति सम्पदाहरुको महत्व र संरक्षणका उपायहरुबारे छलफल, अर्न्तकृया गराउँने ।<br>-नगरभित्र सन्चालित होम स्टेहरुको अबलोकन, भ्रमण गराई प्रतिबेदन तयार गर्न लगाउँने र कक्षाकोठामा प्रस्तुत गर्न लगाउँने । | -सम्पदाहरुसंग सम्बन्धित तयार पारिएका चार्ड, चित्र, भिडियो क्लिप आदी चित्र, श्रव्यदृश्य सामाग्री, भिडियो क्लिप | -नगर भित्रका सम्पदाहरुकोपरिचय, महत्व र संरक्षणका उपायहरु बताउँन लगाउँने<br>-पर्यटकीय स्थल र जडिबुटीको अध्ययन भ्रमण गराई प्रतिबेदन तयार गरी प्रस्तुतीकरण गर्न लगाउँने । | १९ घण्टी |
| पेसा, उद्यमशीलता र प्रविधि | - पूराना र स्थानीय प्रविधिमा आधारित सामग्रीहरूको परिचय दिन र प्रयोग गरेर देखाउँन । | - पूराना तथा स्थानीय प्रविधिमा आधारित सामग्रीहरूको परिचय र प्रयोग | - पूराना प्रविधि ( ढिकी, जाँतो, ओखल, पानीघट्टा, काठको भऱ्याङ, उखु पेल्ने कोल, तेलको मिल, काठको भाँडा बनाउँने स्थानीय प्रविधि आदि) बारे परिचय, तिनीहरूको काम वा प्रयोग , | -स्थानीय परम्परागत प्रविधि सञ्चालन भएको ठाउँमा लगी अवलोकन गराउँने र प्रयोग गर्ने तरिकाबारे छलफल गर्ने ।<br>- स्थानीय परम्परागत सामग्री बनाउने मानिससँग भेट गराई उक्त सामग्री बनाउँने तरिकाबारे देखाउँन लगाउने र छलफल गराउँने । | - स्थानीय परम्परागत प्रविधि (ढिकी, जाँतो, ओखल, पानीघट्ट, उखु पेल्ने कोल, तेलको मिलको फोटो र तिनीहरू बनाउँने तरिकाबारे जानकारीमूलक पोस्टर, ब्रोसर आदि । | - आफ्नो घर⁄ विद्यालय नजिक पाइने स्थानीय परम्परागत प्रविधिमा आधारित सामग्रीहरूको नाम टिपोट गरी त्यसको प्रयोगबारे लेख्न लगाउँने ।<br>- स्थानीय परम्परागत प्रविधिमा आधारित कुनै तिनओटा सामग्रीहरूको चित्र बनाई त्यसको उपयोगबारे लेखी कक्षामा प्रस्तुत गर्न | १९ घन्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | लगाउँने<br>-स्थानीय परम्परागत प्रविधि सञ्चालन भएको ठाउँमाअवलोकन भ्रमण गराइ त्यासका आधारमा आफूले सिकेका पाँचओटा बुँदाहरू टिपी प्रस्तुत गर्न लगाउँने । | |
| स्वास्थ्य, पोषण र सरसफाइ | -स्वस्थ्यकर र अस्वस्थ्यकर भोजनहरु छुट्याउँन ।<br>-स्वस्थ्य र अस्वस्थ्य भोजनका फाइदा र बेफाइदा बताउँन ।<br>-स्वस्थ्य भोजनको प्रयोग गर्न<br>-सही तरिकाले सुत्ने, उठ्ने र बस्ने कुरा बताउँन र अभ्यास गर्न<br>-कक्षाकोठाको सरसफाई को आवश्यकता भन्न र कक्षाकोठा सफा गर्न । | -स्वस्थ्यकर र पत्रु खाना (hygienic and junk food)<br>-सुत्ने उठ्ने र बस्ने तरिका<br>-कक्षाकोठाको सरसफाइ | -घरमा बनेकाशरीरलाई शक्ति दिने, बृद्धि गर्ने र रक्षा गर्ने खानाहरू ।<br>-भीटामीन, कार्बोहाइड्रेट, प्रोटीन, चिल्लो पदार्थ र खनिज पदार्थ प्राप्त हुने स्वस्थ्यकर खानाहरु ।<br>-पत्रु भोजन वा जङ्क फूडको बेफाइदा ।<br>-ताजा र बासी खानेकुरा र यसले स्वास्थ्यमा पार्ने प्रभाव<br>-सुत्ने, उठ्ने र बस्ने सही तरिका ।<br>-कक्षाकोठा सरसफाइको आवश्यकता र महत्व । | -स्वस्थ्य भोजनका फाइदा र अस्वस्थ्य भोजनले पुर्याउने हानी बारे छलफल गराउँने ।<br>-कार्बोहाइड्रेट, प्रोटीन, भीटामीन कुन कुन खानामा पाइन्छ भनी समूहमा छलफल गराउँने ।<br>-स्वस्थ्यकर र अस्वस्थ्यकर खानाका फाइदा र बेफाईदाको सूची बनाइ छलफल गराउँने ।<br>-कस्ता खानेकुराले शारीरिक, मानसिक बृद्धि गराउँछ बताउँने।<br>-ताजा र बासी खानेकुरा र यसले स्वास्थ्यमा पुर्याउँने फाईदा र बेफाइदाका बारेमा छलफल गराउँने<br>-खानालाई सुरक्षित राख्ने तरिका बताउँने ।<br>सुत्ने, उठ्ने तरिका जस्तैः उत्तानो, देब्रे, दाहिने र घोप्टो आसनका चित्रहरु देखाइ अभ्यास गराउँने ।<br>-कक्षाकोठा सरसफाइ गर्न लगाउँने । | -स्वस्थ्यकर र अस्वस्थ्यकर भोजनक चित्रहरु<br>-सुत्ने आसनका चित्रहरु<br>-सफा र फोहोर कक्षाकोठाका चित्रहरु | -स्वस्थ्य र अस्वस्थ्य भोजनका फाइदा र बेफाइदाहरु ब्ताउँन लगाउँने<br>-स्वस्थ्य र अस्वस्थ्य भोजनको सूची बनाउँन लगाउँने<br>-खानालाई कसरी सुरक्षित राख्न सकिन्छ सोध्ने ।<br>-कार्बोहाइड्रेट, प्रोटीन र भीटामीन कुन कुन खानामा पाइन्छ सोध्ने<br>-सुत्ने आसनको अभ्यासको मूल्याङ्कन गर्ने ।<br>-समूह बनाइ दैनिक कक्षाकोठा सरसफाइगर्न लगाउँने र पृष्ठपोषण दिने । | २६ घण्टी |
| वातावरण, प्रकोप र हरित तथा सुरक्षित विद्यालय | -प्राकृतिक र मानव निर्मीत प्रकोप र विपद्को पहिचान गरी हानि नोक्सानीका बारेमा बताउँन<br>- फोहोर व्यवस्थापनका उपाय अवलम्वन गर्न । | - प्रकोप/ विपद्को परिचय<br>-फोहोर व्यवस्थापन | -प्राकृतिक प्रकोप/विपद् :- बाढी, पहिरो, भूक्षय, भूकम्प, हुरीबतास, चट्याङ<br>-मानव निर्मित प्रकोप/विपद् :-<br>क. आगलागि, सडक दुर्घटना आदि<br>ख.फोहोरको परिचय, घर/विद्यालय/भवन भित्र र वाहिरका फोहोरका | -आफूले देखेका, भोगेका, सुनेका बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागी, सडक दुर्घटना आदिका बारेमा बताइदिने, चित्र प्रस्तुत गर्ने र प्रत्येक चित्रका बारेमा प्राकृतिक वा मानव निर्मित बिचको भिन्नताका बारेमा छलफल गराउँने ।<br>-बाढी, पहिरो, भूक्षय, भूकम्पको | -स्थानीय स्तरमा भएका प्रकोप/विपद्का चित्र, वृतचित्र, श्रव्यदृष्य सामग्री लगायतका सूचना प्रविधि<br>-चित्र, पोस्टर, वरिपरि रहेका फोहोरमैला नकुहिने फोहोरबाट वनेका सामाग्री, कम्पोस्ट गरिएको क्षेत्रको भ्रमण, | - आफूले देखेका, भोगेका प्राकृतिक प्रकोप/विपद्को सूचीकरण गर्न लगाउँने<br>-मानव निर्मित प्रकोप/विपद्को सूचीकरण गर्न लगाउँने<br>- बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागि, सडक दुर्घटना आदिको चित्र/कविता, गित आदिको माध्यमबाट जानकारी प्रस्तुत | २३ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | स्रोतहरू,, जस्तै : भान्छाबाट निस्कने फोहोर, विद्यालयमा सरसफाइगर्दा निस्कने फोहोर- कागज, पेन, पेन्सिल, इरेजर, दिसापिसाब, फोहोर कसिङ्गर, प्याकेजिङ, खेतबारीबाट निस्कने फोहोर<br>-फोहोरको किसिम- ठोस, तरल/कुहिने, नकुहिने उदाहरण सहित<br>फोहोर व्यवस्थापनका 3Rs (Reduce, Reuse and Recycle) सिद्धान्त, | क्षति, आगलागि, सडक दुर्घटनाले पुऱ्याउँने हानि नोक्सानीका बारेमा बताउने, तत्सम्बन्धी चित्र प्रस्तुत गरी छलफल गराउँने ।<br>-शिक्षणमा सूचना प्रविधिको पनि प्रयोग गन<br>-घरभित्र र बाहिरवाट निस्कने फोहोरहरूको सूची प्रस्तुत गरी छलफल गराउँने ।<br>-वरिपरि पाइने फोहोरको प्रदर्शन गर्ने, विद्यार्थीलाई समूहमा विभाजन गरी फोहोरको वर्गीकरण गर्न लगाउने । | श्रव्यदृश्य सामग्री लगायतका सूचना प्रविधि | गर्न लगाउँने ।<br>-कक्षाकोठाबाट निस्कने फोहोरमैलाको सूचीकरण गर्न लगाउँने<br>-आफनो घरमा पाइने फोहोरको वर्गीकरण गरी चार्ट पेपरको माध्यमवाट प्रस्तुतीकरण गर्न लागउने<br>- विद्यालय वरिपरिको फोहोर उपलब्ध गराई कुहिने र नकुहिने फोहोर छुट्टयाउन लगाउँने<br>- घरबाट निस्किने फोहोरबाट सामग्री बनाउन लगाउने<br>-घरबाट निस्किने कुहिने फोहोरवाट बनेको कम्पोस्ट बनाई बगैंचामा प्रयोग गर्न लगाउँने । | |

## कक्षा-५

| क्षेत्र | सिकाइ उपलव्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाब्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नगरपालिका | -खाँदबारी नगरपालिकाको स्थापना ,पुनर्स्थापना,स्थापना पूर्वका पञ्चायत तथा गाविसहरुको इतिहास भन्न र लेख्न , | -खाँदबारी नगरको इतिहास | -नगरापलिकाको इतिहास । (खाँदबारी नगरको स्थापना, पुनर्स्थापना) | -शिक्षकले नगरपालिकाको इतिहास झल्कने चार्ट बनाएर प्रस्तुत गर्ने (खाँदबारी पन्चायतदेखि सित्तलपाटी गा. पा. समायोजन सम्म )<br>- नगरपालिका स्थापना पूर्वका गा.वि.स. तथा नगरपालिकामा गाभिएको गाउँपालिका समेतको सूची प्रस्तुत गरी खाँदबारी नगरपालिकाको इतिहासकाबारेमा छलफल गर्ने । | -खाँदबारी नगरपालिकाको नक्सा चार्ट, नगरपालिका गठन पूर्वका गा.वि.स. तथा नगरपालिकामा गाभिएको गाउँपालिका समेतको सूची | -खाँदबारी नगरपालिकाको स्थापनादेखि हालसम्मको इतिहास भन्न लगाउँने । | ३५ घण्टी |
| भाषा, कला र साहित्य | -माटाका आकृतिहरु निर्माण गर्न<br>-स्थानीय बाल कविता वाचन गर्न | -माटाका आकृतिहरु निर्माण<br>-स्थानीय बाल कविता | -माटाका आकृतिहरु ( तरकारी, फलफूल, सरसामान, जनावर आदि) निर्माण<br>-स्थानीय बाल कविता वाचन | -माटो मुछेर माटाका आकृतिहरु, जनावर, सरसामान, फलफूल, तरकारी निर्माण गर्न लगाउँने र उपयुक्त रङ्गरोगन गर्न लगाउँने ।<br>-टेपरेकडर साउन्ड सिस्टम/वा भिडियोको प्रयोग गरी गति यति र लय मिलाई बाल | -मुछेको माटो, चक्कु, पिर्का टेपरेकडर/साउन्ड सिस्टम भिडियो | -माटाका आकृतिहरु निर्माण तथा रङ्गरोगन गरेका आधारमा मूल्याङ्कन गर्ने ।<br>-गति यति र लय मिलाइ बालकविता वाचन गरेका आधारमा मूल्याङ्कन गर्ने । | १९ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | कविता वाचन गर्न लगाउने । | | | |
| हाम्रो संस्कार, संस्कुती र व्यक्तित्व | खाँदबारी नगरपालिकाको ऐतिहासिक परिचय<br><br>खाँदबारी नगरपालिकाको नामकरण, चाडपर्व, मेला, जात्राको परिचय दिन<br><br>आ आफ्नो परिवारको जन्म र मृत्यु संस्कारको परिचय दिन<br><br>विभिन्न चाडपर्वको महत्व बताउन | खाँदबारी नगरपालिका भित्रका कुनै तीन धार्मिक महत्वका क्षेत्रको वर्णन गर्न<br><br>खाँदबारी नगरपालिका भित्रका मुख्य मुख्य मेला र जात्राको महत्व बताउँन । | ऐतिहासिक खादबारी नगरपालिकाको परम्परागत विवरणसहितको परिचय<br><br>स्थानीय मेला तथा जात्रामा सहभागी भै तिनीहरुको वर्णन गर्न | खाँदबारी नगरपालिकाको ऐतिहासीक चिनारी प्रस्तुत गर्ने<br><br>खाँदबारी नगर पालिकाको ऐतिहासिक महत्व झल्कीने फोटाहरु र भिडियोहरु प्रदर्शन गर्ने<br><br>अवलोकन भ्रमण गराउँने<br><br>विद्यार्थीहरुमा अनुभव आदान प्रदान<br><br>जात्रा र मेलाको नक्कल गर्न लगाउँने | खाँदबारी नगरपालिका सम्बन्धि वृत्तचित्र/भिडियो ब्रोसर, पुस्तक<br><br>धार्मिक स्थलहरुको फोटो, जात्राको, फोटो, बाजा, पोसाक र गरगहनाहरु<br><br>जातीय जन्म र मृत्यु झल्काउँने फोटो, भिडियो वा नाटकहरु | खाँदबारी नगरपालिका काको ऐतिहासिक महत्व सम्वन्धि साना साना प्रश्नहरु सोध्ने<br><br>स्थानीय धार्मिक स्थलहरुमा पूजा गर्ने तरिकाको विवरण भन्न लगाउँनो<br><br>जात्रा, पर्व र मेला सम्वन्धि प्रश्नोंत्तर । | १९ घण्टी |
| हाम्रो सम्पदा र पर्यटन | -हाम्रो प्राकृतिक सम्पदा -चारधाराको परिचय दिन । | -चारधारा | -चारधाराको परिचय, यसको धार्मिक, ऐतिहासिक र पर्यटकीय, महत्व र संरक्षणका उपायहरु । | - चित्र, पोस्टर प्रदर्शन गरीचारधाराको परिचय दिने ।<br>-धार्मिक, ऐतिहासिक महत्व झल्कने ।<br>श्रब्यदृश्य सामाग्री प्रदर्शन गरी  गरी छलफल गर्ने  ।<br>-चारधाराको स्थलगत भ्रमण गराई प्रतिवेदन तयार गर्न लगाउँने । | -चारधाराको चित्र/ पोस्टर श्रब्यदृश्य सामग्री | -चारधाराको  ऐतिहासिक, धार्मिक महत्व र संरक्षका उपायहरु उल्लेखहरु गर्न लगाउँने ।<br>-स्थलगत अध्ययन, अवलोकन, छलफल तथा अर्न्तकृयाको आधारमा प्रतिबेदन तयार पार्न लगाई प्रस्तुतीकरण गर्न लगाउँने । | १९ घण्टी |
| पेसा, उद्यमशीलता र प्रविधि | - निगालो/ बेत/बाँसकोप्रयोग गरी घरायसी सामग्री, बनाउँन ।<br>-पानी घट्टाको परिचय दिन । | - निगालो/ बेत/बाँसकोप्रयोग गरी घरायसी सामग्री  निर्माण<br>-पानी घट्टा । | -निगालो/ बेत/बाँसकोप्रयोग गरी घरायसी सामग्रीहरु चोया, बाता, डोको, चाल्नी, पेरुङ्गो, महला डोरी, नाम्लो,छतरी, घुम निर्माण<br>-पानी घट्टाको परिचय | - स्थानीय क्षेत्रमा निगालो/ बेत/बाँसकोप्रयोग गरी घरायसी सामग्रीहरु चोया, बाता, डोको, चाल्नी, पेरुङ्गो, महला डोरी, नाम्लो,छतरी, घुम निर्माण गर्ने ठाउँमा लगेर अवलोकन गर्न लगाउने र सम्बन्धित व्यक्तिसँग उक्त सामग्रीहरू बनाउँने तरिकाबारे छलफल गर्न लगाउने ।<br>-उल्लिखित सामग्रीहरूको नमुना तयार पार्न लगाई त्यसको प्रयोगबारे छलफल गराउँने ।<br>-पानी घट्टको परिचय बताई विद्यालय नजिकै रहेको पानी घट्टको अवलोकन भ्रमण गराउँने ।<br>-पानी घट्टको उपयोगिताबारे स्थानीय विज्ञसँग छलफल गरी विद्यार्थीहरूलाई यस | -निगालो, बाँस, बेत<br>-स्थानीय प्रविधिमा आधारित सामग्रीहरू बनाएको बृत्तचित्र, पोस्टर । | -निगालो/ बेत/बाँसकोप्रयोग गरी घरायसी सामग्री निर्माण गर्न लगाउने ।<br>-पानी घट्टको परिचय दिन लगाउँने । | १९ घन्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | सम्बन्धी एक अनुच्छेद लेख्न लगाउँने । | | | |
| स्वास्थ्य, पोषण र सरसफाई | -प्राकृतिक खाना र कृत्रिम खानाको फरक बताउँन<br>-विद्यालयमा ल्याई खाईने स्वस्थ्यकर खाजाको सूची बनाउँन<br>-विद्यालयमा स्वस्थ्य खाजाको प्रयोग गर्न<br>-योगको अवधारणा र महत्व बताउँन<br>-कपालभाँतीको अभ्यास गर्न । | -प्राकृतिक र कृत्रिम गुण भएको खाना<br>-विद्यालयमा खाजाको व्यबस्थापन<br>-योगको अवधारणा र अभ्यास । | -प्राकृतिक गुण भएको खानाको महत्व<br>-कृत्रिम खानाले शरीरमा पुर्याउने क्षतिको जानकारी<br>-प्राकृतिक खाना र कृत्रिम खानाको परिचय र फरक<br>-विद्यालयमा ल्याई खाइने स्वस्थ्यकर खाजाका प्रकार र प्रयोग<br>-योगकोपरिचय<br>उपयोगिता | -प्राकृतिक र कृत्रिम खानाको फरक देखाइएको चार्ट देखाइ छलफल गराउने ।<br>-विद्यालयमा ल्याएर खाईने खाजाको सूची बनाउन लगाउँने ।<br>-स्वस्थ्य खाजाको बारेमा एक अनुच्छेद लेख्न लगाउँने ।<br>-श्रव्यदृश्य सामग्री, चित्र, पोष्टर आदिको प्रयोग गरि योग, प्राणायम र ध्यानको परिचय दिने ।<br>- कपालभाँतीको अभ्यास गर्न लगाउँने ॥ | -प्राकृतिक खाना र कृत्रिम खानाको फरक देखाइएको चार्ट,<br>-विद्यालयमा ल्याई खाइने स्वस्थ्यकर खाजाको सूची उल्लेखित चार्ट,<br>-योगको परिचय र उपयोगिता सम्वन्धि चार्ट, योग अभ्यासको भिडियो आदि । | -विद्यार्थीले प्राकृतिक खाजा ल्याए नल्याएको अवलोकन गर्ने ।<br>-घरमा प्रयोग गरिने प्राकृतिक र कृत्रिम खानाको सूची बनाउन लगाउने ।<br>-योग अभ्यास गर्दा अपनाउनु पर्ने सावधानीहरु लेख्न लगाउँने ।<br>-कपालभातीको अध्यास गर्न लगाई मूल्याङ्कन गर्ने । | २६ घण्टी |
| वातावरण, प्रकोप र हरित तथा सुरक्षित विद्यालय | -प्राकृतिक र मानवसृजित प्रकोप/विपद्का प्रकार बताउँन<br>-प्रदूषणको परिचय, प्रकार, कारण<br>-प्रदूषण न्यूनीकरणका उपाय बताउँन । | -प्राकृतिक र मानवजन्य प्रकोप/विपद्का प्रकार<br>-प्रदूषणको परिचय, प्रकार, स्रोत, न्यूनीकरणका उपाय | - प्राकृतिक प्रकोप/विपद् अन्तर्गत बाढी, पहिरो, भूक्षय, भूकम्प, हुरीबतास, चट्याङ<br>- मानव सृजित प्रकोप/विपद् अन्तर्गत आगलागी, दुर्घटना, विषाक्त पदार्थ, महामारी आदि<br>-जल जन्य प्रकोप<br>-जल प्रदूषणका स्रोत, जस्तै : ढल, नल, उद्योगधन्दा, लुगाधुने, मानिस, गाईबस्तु नुहाउँने, सांकृतिक परम्परा<br>-जमिन प्रदूषण, जस्तै : विद्यालय, बाटो, खुला चउर, पार्क, बजार क्षेत्र परिचय, जमिन प्रदूषणका स्रोतहरू जथाभा वी फोहोर विसर्जन<br>-वायु प्रदूषणको परिचय, वायु प्रदूषणका स्रोतहरू जस्तै, उद्योगधन्दा, यातायातका साधन, जलाउने कार्य<br>-ध्वनी प्रदूषणको परिचय, ध्वनी प्रदूषणका स्रोत, जस्तै : कलकारखाना, यातायातका | -आफूले देखेका, भोगेका, सुनेका बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागि, सडक दुर्घटना आदिका बारेमा बताइदिने, चित्र प्रस्तुत गर्ने र प्रत्येक चित्रका बारेमा प्राकृतिक वा मानव निर्मित बिचको भिन्नताका बारेमा छलफल गराउँने<br>-बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागि, सडक दुर्घटनाले पुऱ्याउँने हानी नोक्सानीका बारेमा बताउने, तत्सम्बन्धी चित्र प्रश्तुत गरी छलफल गराउँने<br>- शिक्षणमा सूचना प्रविधिको पनि प्रयोग गर्ने<br>- प्रदूषण भएको र नभएको चित्र पोस्टर, श्रव्यदृष्य सामग्रीको माध्यमबाट छलफल गराउँने<br>- विद्यालय वरिपरिका प्रदूषित क्षेत्रको अध्ययन अवलोकन भ्रमण । | - स्थानीय स्तरमा भएका प्रकोप/विपद्का चित्र, वृतचित्र प्रदूषण भएको र नभएको चित्र, पोस्टर, श्रव्यदृष्य सामग्री | - आफूले देखेका, भोगेका प्राकृतिक प्रकोप/विपद्को अनुभव लेख्न लगाउने<br>- मानव निर्मित प्रकोप/विपद्को अनुभव लेख्न लगाउने<br>- बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागि, सडक दुर्घटना आदिको चित्र/कविता, गित आदिको माध्यमबाट प्रस्तुत गर्न लगाउँने<br>- आफ्नो क्षेत्रका सम्भावित प्रकोप क्षेत्रको चार्ट पेपरमा नक्साङ्कन तयार पार्न लगाउन<br>- प्रदूषणको अर्थ भन्न लगाउँने<br>- प्रदूषणका कारणहरू सोध्ने<br>- विद्यार्थीले आफूले तहवाट प्रदूषण न्यूनीकरणका लागि गर्न सक्ने उपायहरू बताउन लगाउँने<br>- स्वच्छ वातावरणको चित्र बनाउन लगाउँने । | २३ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | साधन, माइकिङ, महोत्सव आदि बाट आउने आवाज<br>-वातावरण प्रदूषण रोक्ने उपायको जानकारी । | | | | |

## कक्षा-६

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नगरपालिका | -खाँदबारी नगरपालिका भित्रका पेशागत, जातिगत, भाषगत,साक्षर र निरक्षर लिङ्गगत जनसङ्ख्य बताउँन ।<br>-खाँदबारी नगरको बरुण बहुमुखि क्याम्पस र हिमालय किरण पब्लिक क्याम्पसको सक्षिप्त परिचय दिन । | -खाँदबारी नगरपालिकाको जानसाङख्यिकतथ्याङ्क र शिक्षा | -नगरपालिकाभित्र बसोबास गर्ने जातिगत, भाषागत महिला ,पुरुष, पेशागत ,साक्षर जनसङ्ख्या ।<br>-बरुण बहुमुखि क्याम्पस र हिमालय किरण पब्लिक क्याम्पसर प्राविधिक धारका शैक्षिक संस्थाहरु । | -जनसङख्याको तालिका ,सूचि , चार्ट र रेखाचित्र (स्तंभ,र्बत्त) आदि प्रस्तुत गर्ने र गर्न लगाउने ।<br>-बरुण क्याम्पस र हिमालय किरण पब्लिक क्याम्पसको स्थापना ,पढाइने विषय ,तह आदिबारे संक्षिप्त जानकारी दिने ,<br>,क्याम्पस रहेको ठाउँको नाम भन्न लगाउने । | - तालिका ।<br>- सूचीहरु।<br>-स्तम्भ रेखाचित्रहरु ।<br>-बृत्तचित्र ।<br>- तस्वीरहरु ।<br>- परिचय खुल्ने पाठपत्रहरु । | -खाँदबारी नगरपालिका भित्रका पेशागत, जातिगत, भाषगत ,साक्षर र निरक्षर लिङ्गगत जनसङ्ख्य बताउन लगाउने ,<br>-तथ्याङ्कको आधारमा रेखाचित्र बानाउन लगाउने ।।<br>-क्याम्पसहरुको परिचय दिन लगाउने । | २३ घण्टी |
| भाषा, कला र साहित्य | -सिन्के रेखाचित्र निर्माण गर्न<br>-सिक्के रेखाचित्रको प्रयोबाट आकृति निर्माण गरी रङ्गरोगन गर्न ।<br>-स्थानीय बालगीत/कविता गायन /वाचन गर्न | -सिन्के रेखाचित्र र आकृति निर्माण स्थानीय बालगीत/कविता | -सिन्के रेखाचित्र निर्मण<br>-सिन्के रेखाचित्र प्रयोगबाट आकृति ( मानिस, जनावर आदि) निर्माण र रङ्गरोगन<br>-स्थानीय बालगीत गायन तथा कविता वाचन | -सिन्के रेखाचित्रको नमुना प्रदर्शन गरी त्यसको अवधारणा दिने<br>-नमूना हेरी सिन्के रेखाचित्र निर्माण गर्न र रङ्गरोगन गर्न लगाउने ।<br>-टेपरेकडर/साउन्ड सिस्टम वा भिडियोको प्रयोग गरी पहिले समूहमा र त्यसपछि व्यक्तिगतरुपमा बालगीत गायन तथा गति यति र लय मिलाई बाल कविता वाचन गर्न लगाउने । | -पेन्सिल, इरेजर, पेन्सिल कटर, ड्रोइङ्पेपर, टेपरेकडर/साउन्ड सिस्टम भिडियो | -सिन्के रेखाचित्र प्रयोगबाट आकृति निर्माण गरी रङ्गरोगन गर्न सके नसकेका आधारमा मूल्याङ्कन गर्ने ।<br>-उपयुक्त तवरले बालगीत गायन तथा गति यति र लय मिलाई बाल कविता बागन गरेका आधारमा मूल्याङ्कन गर्ने । | १७ घण्टी |
| हाम्रो संस्कार, संस्कुती र ब्यक्तित्व | प्रचलित, चाडपर्व र मेला, पर्वका बारेमा बताउँन | स्थानीय जातिरूको वेषभूषा र चाडपर्वको पचिय | जातिगत पोसाकको चिनारी | जातीय वेषभूषा झल्किने चित्रहरू देखाउँने र छलफल | जातिगत पोशाक र गहनाहरुको फोटो, भिडियो | जातिय भेषभुसाको सूची बनाउन लगाउने | १७ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय जातिको रीतिरिवाज र संस्कृति, ढ्याङ्ग्रो, घन्टी, डम्फु, डमरु,को परिचय दिन<br><br>प्रमुख स्थानीय जातिले नाच्ने नृत्यका बारेमाजानकारी प्रदर्शन गर्न । | स्थानीय जातिको रीतिरिवाज र धर्म संस्कृतिको परिचय,<br><br>स्थानीय जातीहरूले बजाउँने बाजाहरू तथा नृत्यको परिचय | स्थानिय जातिको चिनारी<br><br>स्थानिय जातीहरुले मनाउने पर्व र मान्ने धर्मको जानकारी<br><br>विभिन्न जातिय बाजाहरुको चिनारी | गर्ने ।<br><br>विद्यार्थीले आफूले लगाउँने लुगाका बारेमा प्रश्न गर्ने र छलफल गर्ने<br><br>जातीय भाषी विद्यार्थीलाई आफूले लगाउँने परम्परागत पोसाक लगाएर आउन लगाउँने र ती पोसाकका बारेमा कक्षामा छलफल गर्ने<br><br>सम्वन्धित जातिसँग सम्बन्धित पोसाक प्रदर्शन गरी स्पष्ट पार्ने<br><br>जातिय धर्म, संस्कृतिसँग सम्बन्धिते स्थलगत अवलोकन गराउँने र छलफल गर्ने<br><br>सम्वन्धित जातिहरुको धर्म, संस्कृतिसँग सम्बन्धीत चित्र, भिडियो प्रदर्शन र छलफल गराउँने<br><br>सम्वन्धीत धर्म, संस्कृतिसँग सम्बन्धी छफफल तथा अन्तरक्रिया गराउँने<br><br>जातिगत र संस्कार संस्कृतिगत बाजाहरूको चित्र अवलोकन गराउँने तथा उक्त बाजाहरू बजाउन अभ्यास | विभिन्न प्रकारका वास्तविक वा फोटो, भिडियोहरु<br><br>जातीय संस्कार, झल्कने चित्र, भिडियो | जातिय वाजाको नाम र बजाउने तरिका भन्न लगाउने<br><br>कुनै एउटा धार्मिक स्थलका बारेमा अनुच्छेद लेख्न लगाउँने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | गराउँने<br>प्रश्नोत्तर र छलफल | | | |
| हाम्रो सम्पदा र पर्यटन | -पर्यटकीय स्थल रमिते डाँडाको चिनारी, महत्व र संरक्षणका उपायहरु बताउँन । | -पर्यटकीय स्थल रमिते डाँडा | -रमिते डाँडाको परिचय, यसको धार्मिक, ऐतिहासिक र पर्यटकीय, महत्व र संरक्षणका उपायहरु । | -चित्र, पोस्टर प्रदर्शन गरीरमिते डाँडाको परिचय दिने ।<br>- धार्मिक, ऐतिहासिक महत्व झल्कने श्रव्यदृश्य सामाग्री प्रदर्शन गरी गरी छलफल गर्ने<br>-रमिते डाँडाको स्थलगत भ्रमण गराइ प्रतिवेदन तयार गर्न लगाउँने । | -रमिते डाँडाको चित्र/ पोस्टर<br>श्रव्यदृश्य सामग्री | -रमिते डाँडाको ऐतिहासिक, धार्मिक महत्व र संरक्षका उपायहरु उल्लेख गर्न लगाउँने ।<br>-स्थलगत अध्ययन, अवलोकन, छलफल तथा अर्न्तकृयाको आधारमा प्रतिबेदन तयार पार्न लगाइप्रस्तुतीकरण गर्न लगाउँने । | **१७ घण्टी** |
| पेशा, उधमशीलता र प्रविधि | -स्थानीय परम्परागत सीप र प्रविधिमा आधारित उद्योग व्यवसाय सम्बन्धी जानकारी दिन<br>- स्थानीय परम्परागत प्रविधिहरूवाट उत्पादीत वस्तुहरूको परिचय दिन | - स्थानीय परम्परागत सीप र प्रविधिमा आधारित उद्योग व्यवसाय | - स्थानीय परम्परागत सीप र प्रविधिमा आधारित उद्योग व्यवसाय ( बेत, बाँस उद्योग, फर्निचर उद्योग, आरन व्यवसाय,माटाका भाँडाहरु बनाउँने परम्परागत सीप तितेपाती प्रशोधन, डकर्मी, सिकर्मी, कपडा बुनाइ) सम्बन्धी जानकारी<br>- स्थानीय परम्परागत प्रविधिहरूवाट उत्पादीत वस्तुहरूको परिचय दिन जस्तैः राडीबारे जानकारी, तितेपाती प्रशोधनबाट उत्पादित वस्तुबारे | - स्थानीय परम्परागत सीप र प्रविधिमा आधारित उद्योग व्यवसाय ( बेत, बाँस उद्योग, फर्निचर उद्योग, आरन व्यवसाय,तितेपाती प्रशोधन, डकर्मी, सिकर्मी, कपडा बुनाइ) सञ्चालनमा रहेको ठाउँमा लगेर अवलोकन गराउँने र सम्बन्धीत व्यक्तिसँग उक्त उद्योगले उत्पादन गर्ने सामग्रीहरूका उपयोगिताबारे छलफल गर्न लगाउँने ।<br>-स्थानीय परम्परागत सीप र प्रविधिमा आधारित | - स्थानीय परम्परागत सीप र प्रविधिमा आधारित उद्योग व्यवसाय सँग सम्बन्धीत वृत्तचित्र, पोस्टर, तालिम सामग्री चित्र, चार्ट, पोस्टर तथा तस्बिरहरू | -विद्यालय नजिकैको कुनै एक स्थानीय उद्योगको अवलोकन अध्ययन भ्रमण गरी उक्त उद्योगको परिचय, उत्पादित वस्तुको उपयोगीता समेटी प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउँने<br>- विद्यार्थीहरूको प्रस्तुतिको अवलोकन मूल्याङ्कन गर्ने । | **१७ घण्टी** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | जानकारी)<br>- घरपालुवा (गाई, बाख्रा, भैँसी, कुखुरा, हाँस, बंगुर)को परिचय, महत्व र आवश्यकता | उद्योग व्यवसाय सम्बन्धित वृत्तचित्र प्रस्तुत गरी यसले हाम्रो समाजमा पार्ने प्रभावका बारे छलफल गर्न लगाउँने । | | | |
| स्वास्थ्य, पोषण र सरसफाइ | -शरीरमा पानीको सही मात्रा बारे बताउँन<br>-दैनिक रुपमा सही मात्रामा पानी पिउँन ।<br>-रेशा, बोक्रा र चोकरयुक्त खानाको महत्व बताउँन र प्रयोग गर्न ।<br>-योग प्राणायमको परिचय, महत्व बताउँन र अभ्यास गर्न । | -पानी पिउने सही मात्रा र तरिका<br>-भोजनमा रेशा बोक्रा, र चोकरको महत्व<br>-प्राणायमको परिचय, महत्व र अभ्यास । | -शरीरमा पानीको सही मात्रा र तरिका<br>-रेशादार, बोक्रा भएको र चोकर भएको खानेकुराको परिचय र महत्व<br>-प्राणायमको परिचय र महत्व<br>-प्राणायमको प्रकारहरु:<br>-भस्त्रीका, भ्रामरी, सितली, सितकारी, -उद्‍गीत, कपालभाँती, अनुलोम विलोम र यिनीहरुको अभ्यास गर्न । | -शरीरलाई आवश्यक पर्ने पानीको मात्रा र पानी पिउने तरिका- समय तालिकाको बारेमा श्रव्यदृश्य सामग्रीको प्रयोग गरि छलफल गर्ने ।<br>-शरीरमा पानीको मात्रा न्यून वा अधिक हुँदा के कस्तो असर पर्छ ?उदाहरण सहित छलफल गर्ने ।<br>-रेशा, बोक्रा र चोकर हुने अन्न, फलफूल र तरकारीहरु के के हुन? सूची बनाउँन लगाउने ।<br>-रेशा, बोक्रा र चोकर नभएका खानेकुराका महत्वका बारेमा छलफल गराउँने ।<br>-प्राणायमका परिचय र महत्व बताउँने ।<br>-स्थानीय विज्ञको सहायताले प्राणायमको प्रकारको बारेमा अन्तरक्रिया र अभ्यास गराउँने ।<br>-सात प्रकारका प्राणायमको भिडियो प्रदर्शन र अभ्यास गराउँने । | -पानी पिउने तालिकाको श्रव्य दृश्य सामग्री<br>रेशा, बोक्रा र चोकर हुने तरकारी, अन्न र फलफूलको चार्ट र वास्तविक वस्तु<br>प्राणायमको चार्ट, भिडियो, पोष्टर, स्लाइड आदि ।<br>, | -शरीरमा पानीको मात्रा र तालिकाबाट शरीरमा परेको असर सोध्ने ।<br>-रेशादार, बोक्रा भएका र चोकर भएका खानेकुराको महत्व लेख्न लगाउँने ।<br>-प्राणायमको अर्थ र महत्व लेख्न लगाउँने<br>-प्राणायमको अभ्यास गराइ अवलोकन गर्ने । | २० घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वातावरण, प्रकोप र हरित तथा सुरक्षित विद्यालय | -विपद्जोखिम न्यूनीकरणको परिचय दिन<br>**-** विद्यालयमा हरियाली प्रवर्धनका लागि सरिक हुन | -विपद्जोखिम न्यूनीकरण<br>- विद्यालयमा हरियाली प्रवर्धन | -विपद्जोखिम न्यूनीकरणको परिचय<br>-स्थानीय स्तरमा रहेका विपद् जोखिमको पहिचान<br>- विद्यालयमा हरियाली प्रवर्धनका लागि क्षेत्र छनोट तथा विधिहरू | -विपद् जोखिमको परिचय, आवश्यकता र महत्वका बारेमा प्रस्तुति, छलफल, चित्र, पोस्टर र श्रव्यदृश्यका सामग्रीमार्फत स्पस्ट पारिदिने<br>-स्थानीय स्तरमा रहेका सम्भावित जोखिमको सूची प्रस्तुत गरी किन जोखिम भनिएको हो स्पष्ट पारिदिने<br>-सम्भावित विपद् जोखिम न्यूनीकरण गर्न अपनाउनुपर्ने प्रक्रियाका बारेमा छलफल गराउँने<br>- विद्यालयमा वृक्षरोपण, करेसाबारी निर्माणको परिचय, आवश्यकता, महत्वका बारेमा छलफल गराउँने<br>-विद्यालयमा हरियाली प्रवर्धनका लागि क्षेत्र छनोट विद्यार्थीहरूको सहभागितामा गराउँने | -चित्र, पोस्टर, चार्ट पेपर र श्रव्यदृष्यका सामग्री<br>- चित्र, पोस्टर, श्रव्यदृश्य सामग्री, चार्ट पेपर | -विपद्जोखिम न्यूनीकरण भन्नाले के वुझ्नुहुन्छ ?<br>-स्थानीय स्तरमा प्रकोपबाट हुन सक्ने सम्भावित विपद्लाई न्यूनीकरण गर्न कस्ता उपाय अवलम्बन गर्न सकिन्छ त्यसको प्रतिवेदन तयार पार्न लगाउँने<br>- विद्यार्थीलाई ३ ओटा समूहमा विभाजन गरी पहिलो समूहलाई क्षेत्र छनोट, दोस्रो समूहलाई विद्यालयमा उपलब्ध क्षेत्र अनुसारको हरियाली प्रवर्धनका कार्य र तेस्रो समूहलाई हरियाली प्रवर्धन गर्न आवश्यक स्रोतको बारेमा अध्ययन प्रतिवेदन तयार पार्न लगाउँने<br>-प्रत्येक विद्यार्थीलाई विद्यालयको वर्तमान अवस्था र हरियाली प्रवर्धन गरिएपछिको अवस्थाको वारेमा चार्ट पेपरमा तुलनात्मक मूल्याङ्कन तयार पार्न लगाउँने । | **१७घण्टी** |

कक्षा-७

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाब्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पा.भा |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नगरपालिका | - खाँदबारी नगरपालिकाको शिक्षा, स्वास्थ्य, खानेपानी, यातायत, सञ्चार, सिँचाइ आदि विकासका पूर्वाधारहरुको वर्तमान अवस्था र समस्या प्रस्तुतत गर्न | -खाँदबारी नगरपालिकाको विकासका पूर्वाधारहरु | -खाँदबारी नगरपालिकाको पूर्वाधारहरु :<br>-शिक्षा : उच्च शिक्षालयहरु, सामुदायिक र संस्थागत विद्यालयहरु तिनको वर्तमान अवस्था, नगरपालिकाभित्रको शैक्षिक तथ्याङ्क<br>-स्वास्थ्य : नगरपालिका भित्रका स्वास्थ्य सेवा प्रदायक संस्थाहरु, स्वास्थ्य सेवा प्रवाहको अवस्था<br>- खानेपानी : खाँदबारी नगरपालिका भित्र सञ्चालित खानेपानीको योजनाहरु र तिनको वर्तमान अवस्था, सम्भाब्य स्रोतहरुको पहिचान । -यातायत : खाँदबारी नगरपालिका क्षेत्रभित्रको सडक, जल र हवाई यातयातको वर्तमान अवस्था<br>-नगरपालिका भित्र सञ्चालित एफ.एम.रेडियो पत्रपत्रिका, दुर सञ्चार सेवा,<br>-सिँचाइ : खाँदबारी नगरपालिकामा सञ्चालित सिंचाइ आयोजना र सम्भाब्यताहरु आदि विकासका पूर्वाधारहरुको वर्तमान अवस्थाहरु<br>-विकासका पूर्वाधारहरुको निर्माणमा देखापरेका | -शिक्षा : उच्च शिक्षालयहरु, सामुदायिकर संस्थागत विद्यालयहरु र तिनको वर्तमान अवस्था, नगरपालिकाभित्रको शैक्षिक तथ्याङ्क प्रस्तुत गरी छलफल गर्ने<br>-स्वास्थ्य : नगरपालिका भित्रका स्वास्थ्य सेवा प्रदायक संस्थाहरु, स्वास्थ्य सेवा प्रवाहको अवस्था झल्कने तथ्याङ्क प्रस्तुत गरी छलफल गर्ने ।<br>- खानेपानी : खाँदबारी नगरपालिका भित्र सञ्चालित खानेपानीका योजनाहरु र तिनको वर्तमान अवस्था, सम्भाब्य स्रोतहरुको खोज गरी छलफल गर्ने ।<br>-यातायत : खाँदबारी नगरपालिका क्षेत्रभित्रको सडक, जल र हवाई यातयातको तथ्याङ्क प्रस्तुत गरी छलफल गर्ने ।<br>-नगरपालिका भित्र सञ्चालित एफ, पत्रपत्रिका, दुर सञ्चार सेवाहको तथ्याङ्क प्रस्तुत गरी छलफल गर्ने ।<br>-सिँचाइ : खाँदबारी नगरपालिकामा सञ्चालित सिंचाइ आयोजनाको तथ्याङ्क प्रस्तुत गरी छलफल गर्ने ।-विकासका पूर्वाधारहरुको स्थलगत अवलोकन भ्रमण गराइ छुट्टाछुट्टै प्रतिवेदन तयार गर्न लगाउँने ।<br>– अवलोकन भ्रमणका आधारमा देखिएका समस्याहरु टिपोट गर्न लगाई छलफल गर्ने । | -विकासका पूर्वाधारहरुको तथ्याङ्कहरुको सूची<br>-विकासका पूर्वाधारहरुको चित्र<br>-विकासका पूर्वाधारहरुको नमूना भिडियोहरु । | - खाँदबारी नगरपालिकाको शिक्षा, स्वास्थ्य, खानेपानी, यातायत, सञ्चार, सिँचाइ आदि विकासका पूर्वाधारहरुको तालिका, स्थम्वचित्र, बृत्तचित्र निर्माण गरी वर्तमान अवस्था र समस्या प्रस्तुतत गरेका आधारमा मूल्याङ्कन गर्ने ।<br>- अवलोक भ्रमणको आधारमा देखिएका समस्याहरु टिपोट गरी प्रस्तुत गरेका आधारमा मूल्याङ्कन गर्ने । | २३ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | समस्याहरु । | | | | |
| भाषा, कला र साहित्य | -गाउँ टोलभित्रका मातृभाषाको पहिचान गर्न<br>-काठका आकृतिहरु निर्माण गर्न<br>-स्थानीय गीत गायन तथा नृत्य गर्न | -गाउँ टोलभित्रका मातृभाषाको पहिचान<br>-काठमा आकृतिहरु निर्माण<br>-स्थानीय गीत तथा नृत्य | -गाउँ वा टोलभित्रका मातृभाषाको पहिचान<br>-काठका आकृतिहरु ( मुङग्रो, पिर्का,ढिकी,चर्खेपिङ आदि) निर्माण<br>-स्थानीय गीत गायन तथा नृत्य प्रस्तुति । | -गाउँटोलभित्र गई तिनीहरुको मातृभाषाको पहिचान गरी नाम उल्लेख गर्न लगाउँने ।<br>-सामग्रीहरुको प्रयोग गरी काठका आकृतिहरु निर्माण गर्न लगाउँने ।<br>-साउन्ड सिस्टमको प्रयोग गरी गायन तथा नृत्यको अभ्यास गराउँने | -गाउँटोल भित्रका मातृभाषाकोसूची, काठका टुक्राहरु, हथौडा आरी, काँटी, खाक्सी,<br>-टेपरेकडर, साउन्ड सिस्टम | -गाउँटोलभित्र गई त्यहाँ प्रयोग हुने मातृभाषाको पहिचान गरी नाम उल्लेख गरेका आधारमा मूल्याङ्कन गर्ने ।<br>-काठका टुक्रा सिधा गरी काँटी राम्ररी ठोक्न, काट्न, तथा काठका आकृतिहरु निर्माण गर्न सके नसकेका आधारमा मूल्याङ्कन गर्ने<br>-अभिनय सहित साउन्ड सिस्टमको प्रयोग गरी गायन तथा नृत्य गर्न सके नसकेका आधरमा मूल्याङ्कन गर्ने । | १७ घण्टी |
| हाम्रो संस्कार, संस्कुती र व्यक्तित्व | खाँदबारी नगरपालिका भित्रका विभिन्न जातिहरुको संस्कार र संस्कृतिको परिचय<br><br>तिनीहरुको संस्कार, रहनसहन, वेषभूषाबारे बताउँन | नगर पालिका भित्रका विभिन जातिको संस्कृति,संस्कार रहनसहन, वेषभूषाको परिचय र प्रयोग गर्ने तरिका तथा महत्व | स्थानीय जातिहरुका संस्कृतिको चिनारी जस्तै लगाउँने लुगा, लहरै घर जोडेर बनाउँने, समूहमा बस्ने, पाटी, पौवा, धारा, जात्रा, पर्व मनाउँने र त्यसका लागि गुठी, जग्गा, प्रदान गर्ने परम्परा भएको) | विषयगत छलफल एक अर्कामा आदर सत्कार जस्ता आदरसूचक, शिष्टाचारका शब्द बोल्न लगाउँने<br><br>आफूभन्दा ठुलालाई ढोगभेट गर्नुपर्ने र सानाले ढोगभेट गर्दा आर्शीवाद दिनुपर्ने कुरा बुझाइ कक्षामा प्रस्तुत गर्न लगाउँने<br><br>भिडियो वा पावर प्वाइन्टको प्रयोग गरी जातिगत बाजाको प्रस्तुतीकरण गर्ने<br><br>स्थलगत भ्रमण | विभिन्न संस्कृति झल्कने चित्र, ब्रोसर<br><br>वेषभूषाकोसामग्रीहरू,<br><br>लुगा, गहना, चित्र भिडियो | संस्कारसँग सम्बन्धीत बाजाको सूची बनाउँन लगाउँने<br><br>स्थनीय जातिले लगाउँने पोसाकको नाम भन्न लगाउँने<br><br>क्षेत्र भ्रमणको प्रतिवेदन तयार गर्न लगाउँने<br><br>अनुभव आदान प्रदान मा हुने सहभागीता | १७ घण्टी |
| हाम्रो सम्पदा र पर्यटन | -खाँदबारी नगरपालिका क्षेत्रभित्रका प्रमुख पर्यटककीय-सम्पदाहरुको परिचय दिन । | -खाँदबारी नगरपालिका क्षेत्रभित्रका प्रमुख पर्यटककीय सम्पदाहरु | -गुठी टार<br>ढोलबाजे<br>चिसापानी गुम्बा<br>सहिदपार्क<br>थालडाँडा<br>छहरे झरनाको परिचय दिन | -चित्र, पोस्टर प्रदर्शन गरीतोकिएका प्रमुख पर्यटकीय सम्पदाको परिचय दिने ।<br>-धार्मिक, ऐतिहासिक महत्व झल्कने श्रब्यदृश्य सामाग्री प्रदर्शन गरी छलफल गर्ने<br>-विद्यालयको नजिकको पर्यटकीय सम्पदाको स्थलगत भ्रमण गराइ प्रतिवेदन तयार गर्न लगाउँने । | -सम्पदाहरुसंग सम्बन्धीत तयार पारिएका चार्ड, चित्र, भिडियो क्लिप आदी, श्रब्यदृश्य सामाग्री, | -विद्यालयको नजिकको पर्यटकीय सम्पदाको अध्ययन, अवलोकन, छलफल तथा अर्न्तकृयाको आधारमा प्रतिबेदन तयार पार्न लगाई प्रस्तुतीकरण गर्न लगाउने । | १७घण्टी |
| पेसा, उद्यमशीलता र प्रविधि | -खाँदबारी नगरपालिका क्षेत्र भित्रसञ्चालित व्यावसायको परिचय बताउँन । | -खाँदबारी नगरपालिका क्षेत्रभित्र सञ्चालित व्यावसाय | -खाँदबारी नगरपालिका भित्र सञ्चालित व्यावसाहरु : (कुखुरा फर्म, बङगुर फर्म, नेपाली कागज फ्याक्ट्री, गाइ फर्म, पिउने | -विद्यालयको नजिकमा रहेको वा खाँदबारी नगरपालिका क्षेत्रभित्र सञ्चालित व्यावसायहरुको स्थलगत अवलोकन भ्रमण गरी जानकारी लिने र व्यावसायको महत्व बुँदागत | -खाँदबारी नगरपालिका क्षेत्र भित्र सञ्चालित व्यावसायहरुको सूची । | - खाँदबारी नगरपालिका भित्र सञ्चालित व्यावसायहरुको परिदिन लगाउँने ।<br>- व्यावसाय सञ्चालनबाट रोजगारीको क्षेत्रमा पर्ने प्रभाव | १७ घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | -खाँदबारी नगरपालिका भित्र सञ्चालित व्यावसायबाट आर्थिक क्षेत्रमा परेको प्रभाव बताउँन । | | पानी प्रशोधन व्यावसाय आदि । | रुपमा लेख्ज लगाउँने ।<br>-अवलोकन भ्रमणमाा समन्वधित व्यावसायिसँग छलफल गरी व्यावसायले आर्थिक क्षेत्र (जीवन स्तरमा भएको बृद्धि, रोजगारीका अवसरको सृजनार आयआर्जन) मा पुर्‍याएको सकारात्मक पक्षलाई समेटेर प्रतिवेदन तयार गरी बुँदागत रुपमा प्रस्तुत गर्न लगाउँने ।<br>-खाँदबारी नगरपालिका भित्र सञ्चालित ब्यावसायको सूची तयार गर्न लगाउँने । | -विभिन्न व्यावसायसँग सम्वन्धित पोस्टर, बृत्तचित्र आदि | भन्न र लेख्न लगाउँने ।<br>-ब्यावसायले ब्यासायिको जीवनमा पर्ने सकारात्मक प्रभाहरु बुँदागत रुपमा लेख्न र भन्न लगाउँने । | |
| स्वास्थ्य, पोषण र सरसफाई | -अम्लीय र क्षारीय खानाको परिचय र उदाहरण दिन ।<br>-व्यायामको परिचय दिन र सामान्य अभ्यास गर्न ।<br>-दैनिक जीवनमा ध्यानको महत्व बताउँन र अभ्यास गर्न । | -अम्लीय र क्षारीय गुण भएको खाना<br>-व्यायामको परिचय सकारात्मक सोंचाई र चरित्र निर्माण<br>-ध्यानको परिचय, महत्व र अभ्यास | -अम्लीय र क्षारीय गुण भएको खानाको परिचय र महत्व<br>-अम्लीय र क्षारीय खानाको मात्रा<br>-व्यायामको परिचय योगासन र व्यायाममा भिन्नता<br>-यौगिक सुक्ष्म व्यायाम सकारात्मक सोंच र चरित्र निर्माणमा योगको महत्व<br>-ध्यानको परिचय र महत्व<br>-ध्यानका प्रकार: अंक गणना, श्वासन आनायन, प्रकाश शिथीलिकरण, लक्ष्य<br>-स्मरण, ध्वनी, ध्यानको सामान्य अभ्यास | -अम्लीय र क्षारीय गुण भएको खानाको सूची बनाउँन लगाई उक्त खानेकुराको बारेमा छलफल गराउँने ।<br>-अम्लीय र क्षारीय खानेकुराको महत्व र फरक बारे सचित्र तथा श्रव्यदृश्य सामग्री सहित बताउँने ।<br>-व्यायामको अर्थ बताउँने ।<br>-योगासन र व्यायाम बीच हुने फरक बुझाउनका लागि पोष्टर, भिडियो लगायतका सामग्री प्रयोग गरि छलफल गराउँने ।<br>-यौगिक सुक्ष्म व्यायाममा सामान्य व्यायामको अभ्यास गराउँने ।<br>-सकारात्मक सोंच र चरित्र निर्माणमा योगकोअनुभवी व्यक्तिसँग कुराकानी गराउँने ।<br>-खुशी रहने र खुशी बन्ने तरिका बताउँने<br>-यू ट्यूब र सामाजिक सञ्जालमा सामग्री खोजी गरि भिडियो प्रदर्शन गर्ने बुँदा टिपोट गर्ने र खुशी बन्न मद्धत गर्ने ।<br>-ध्यानको परिचय र महत्वका बारेमा तयार पारिएको चित्र, पावर प्वाइन्ट र भिडियो प्रदर्शन गरि छलफल गर्ने ।<br>-ध्यानका बारेमा स्थानीय विज्ञको सहयोगमा अभ्यास गराउँने । | -अम्लीय र क्षारीय खानाको सूची<br>-अम्लीय र क्षरीय खानाको चित्रहरु व्यायाम र योगासनको पोष्टरहरु<br>-सकारात्मक सोंच सम्बन्धी पावर प्वाइन्ट, स्लाइड तथा भिडियो सामग्री<br>-ध्यान गरेको पोष्टर, भिडियो तथा पावर प्वाइन्ट स्लाइडहरु आदि । | -अम्लीय र क्षारीय गुण भएका खानाको सूची बनाउँन, भन्न र लेख्न लगाउँने ।<br>-अम्लीय र क्षारीय गुण भएका खानाको प्रभाव भन्न र लेख्न लगाउँने ।<br>-व्यायाम गरेको अवलोकन गर्ने ।<br>-ध्यानका प्रकारहरु सोध्ने । दैनिक जीवनमा ध्यानको महत्व लेख्न लगाउँने ।<br>-विद्यार्थीहरुलाई ध्यान गर्न लगाई अवलोकन गर्ने र आवश्यकता अनुसार पृष्ठपोषण दिने । | २० घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वातावरण, प्रकोप र हरित तथा सुरक्षित विद्यालय | - विपद्जोखिमवाट बच्ने उपायको अवलम्बन गर्न<br>- हरित विद्यालयको अवधारणाबारे अवगत हुन | - विपद् जोखिम न्यूनीकरणका उपाय<br>- हरित विद्यालयको अवधारणा | - पूर्वतयारी (झटपट झोला), पूर्व अभ्यास, प्राथमिक उपचार<br>- हरित विद्यालयको परिचय, आवश्यकता, महत्व, आधारभूत पक्षहरू- हरियाली प्रवर्धन, फोहोर व्यवस्थापन, पानी संरक्षण, ऊर्जा मैत्री विद्यालय, सिकाइ केन्द्र । | - स्थानीय विपद्बाट हुन सक्ने क्षतिका बारेमा छलफल गराउने,<br>- विपद्पूर्वतयारीका लागि विधिहरू अवगत गराउँने, जस्तै : झटपट झोला<br>- सम्भावित विपद्को पूर्वअभ्यास गराउँने<br>- प्राथमिक उपचारका सामग्रीका बारेमा जानकारी गराउँने<br>- हरित विद्यालयको अवधारणाबारे विद्यार्थीहरू छलफल गराउँने<br>- नमुना हरित विद्यालयमा हुनुपर्ने अधारभुत पक्षको जानकारी दिने<br>- विभिन्न ठाउँमा रहेका हरित विद्यालयका बारेमा चित्र, पोस्टर वा वृतचित्रको माध्यमबाट जानकारी दिई आफ्नो विद्यालयलाई कसरी हरियाली बनाउँन सकिन्छ भनेर छलफल गराउँन । | -चित्र, पोस्टर, वृतचित्र, झटपट झोला, प्राथमिक उपचारका आधारभूत सामग्री<br>- नमूना हरित विद्यालयका बारेमा चित्र, पोस्टर, श्रव्यदृश्य सामग्री, चार्ट पेपर | - विपद्जोखिम न्यूनीकरणका उपायहरू सूचि बनाउँन लगाउने<br>- घरमा राखिने झटपट झोला बनाउन लगाउँने<br>- आफ्नो घरका लागि तयार पारिने प्राथमिक उपचारका सामग्री तयार पारि कक्षाकोठामा प्रस्तुत गर्न लगाउँने<br>- आफ्नो विद्यालयलाई हरित विद्यालय बनाउँनका लागि कार्ययोजना बनाई प्रस्तुत गर्न लगाउँने । | १७ घण्टी |

कक्षा-८

| **क्षेत्र** | **सिकाइ उपलब्धि** | **विषयवस्तु** | **विषयवस्तुको विस्तृतीकरण** | **सम्भाब्य क्रियाकलाप** | **शिक्षण सामाग्री** | **मूल्याङ्गन प्रक्रिया** | **पा.भा** |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नगरपालिका | - नगरपालिको नगरसभा, नगरकार्यपालिका र न्ययिक समितिको परिचय दिन ।<br>-नगरपालिकाको नगरसभा, कार्यपालिका र न्ययिक समितिकोसंरचना बोध गरी तिनका कार्यहरु बताउँन । | -नगरपालिकाको नगरसभा, नगरकार्यपालिका र न्ययिक समितिको परिचय र कार्य | -नगर व्यवस्थापिकाको परिचय र कार्य ।<br>-नगरकार्यपालिकाको परिच र कार्य ।<br>-को परिचय र न्ययिक समितिको कार्य । | -खाँदबारी नगरपालिकासँग समन्वय गरीनगरसभा, नगर कार्यपालिका र न्ययिक समितिको अवलोकन भ्रमण गराई परिचय दिन लगाउँने ।<br>- स्थलगत भ्रमणको अनुभव समेटी समूहगत प्रतिवेदन लेखी प्रस्तुति गर्न लगाउँने ।<br>-खाँदबारी नगरपालिकाको नगरसभा,नगर कार्यपालिका र न्ययिक समितिको संरचनाको चित्र प्रस्तुत गर्दै तीनवटै संरचनाको कामको विषयमा छलफल गर्ने । | - खाँदबाारी नगरपालिकाको संरचनात्मक चित्र वा नक्सा<br>-नगरसभा, नगर कार्यपालिका र न्ययिक समितिको कार्यको सूची | -समूहगत रुपमानगरसभा, नगर कार्यपालिका र न्ययिक समितिका परिचय दिन लगाउँने ।<br>-अवलोकन भ्रमणका आधारमा नगरसभा, नगर कार्यपालिका र न्ययिक समितिको संरचना र कार्यहरु समेटीप्रतिवेदन तयार गर्न लगाई मूल्याङ्कन गर्ने । | २३ घन्टी |
| भाषा, कला र साहित्य | -नगरपालिका भित्रका मातृभाषाहरुको पहिचान गरी परिचय दिन<br>-स्थानीय साहित्यकार, | -नगरपालिका भित्रका मातृभाषाको परिचय/पहिचान<br>-स्थानीय साहित्यकार, | -नगरपालिकाभित्रका मातृभाषाको परिचय/पहिचान<br>-स्थानीय गीत तथा नृत्य (सङ्गिनी, बालन, चण्डी, पुतली नाच आदि) | -नगरका केही ठाउँमा गइत्यहाँका मातृभाषाको पहिचान गरी नाम उल्लेख गर्न लगाउँने ।<br>-मातृभाषा लेखिएको चार्ट प्रदर्शन गरी नगरपालिकाभित्रका अन्य | -मातृभाषा लेखिएको चार्ट, स्थानीय कविद्धारा लिखित कविता सङ्ग्रहरुकाा गीति | -नगरपालिकाभित्रका ( मातृभाषाहरुको पहिचान गर्न सके नसकेका आधारमा मूल्याङ्गन गर्ने ।<br>-नगरपालिकाभित्रका | **१७ घण्टी** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कलाकारहरुको पहिचान गरी परिचय दिन<br>-स्थानीय गीत तथा नृत्यहरुको पहिचान गरी अभ्यस्त हुन । | कलाकारहरु<br>-स्थानीय गीत तथा नृत्य । | | मतृभाषाहरुको समेत पहिचान गराउँने ।<br>-जनसङ्ख्या बसोवास गर्ने स्थान जनसंख्या, प्रमुख संस्कार आदिका आकारमा नगरपालिकाभित्रका मातृभाषाहरुको परिचय दिन लगाउँने<br><br>-स्थानीय साहित्यकार, कलाकारहरु पहिचान गरी परिचय दिन लगाउँने ।<br>-स्थानीय गीत तथा नृत्यहरुको पहिचान गरी त्यसमा केही अभ्यास गर्न लगाउँने । | एल्वमहरु, टेपरेकडर/साउन्ड सिस्टम भिडियो | मातृभाषाहरुको परिचय दिन सके नसकेका आधारमा मूल्याङ्कन गर्ने ।<br>-स्थानीय साहित्यकार, कलाकारहरुको पहिचान गरी परिचय दिन सके नसकेका आधारमा मूल्याङ्कन गर्ने ।<br>-स्थानीय गीत तथा नृत्यहरुको पहिचान र अभ्यासका आधारमा मूल्याङ्कन गर्ने । | |
| हाम्रो संस्कार, संस्कुती र व्यक्तित्व | संस्कृतिको परिचय दिन खादबारी नगरपालिका भित्र वसोवास गर्ने जातीको वेषभूषा र प्रयोग गर्ने तरिका बताउँन<br><br>शङ्ख, पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली, खैँजडी र विनायोको परिचय दिन<br><br>विभिन्न जातजातिका हरूको संस्कार र संस्कृतिका बारेमा बताउँन | सस्कार, संस्कृतिको परिचय<br>शङ्ख, पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली, खैँजडी र विनायोको परिचय खादबारी नगर भित्रका जातीहरुको संस्कार र संस्कृति<br><br>विभिन्न जातजातिका साझा संस्कृति | संस्कार, संस्कृतिको जानकारी संस्कार, संस्कृतिझल्कने गरगहना तथा वेषभूषाको चिनारी ।<br><br>दसैँ, तिहार, तीज, जनैपूर्णिमा, साउने सङ्क्रान्ति माघे,सङ्क्रान्ति,क्वान्टी पूर्णीमा , साकेला, ल्होसार, जस्ता चाडपर्वको चिनारी ।<br><br>शङ्ख,पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली, खैँजडी र विनायोको चिनारी<br><br>गुरुङ, राई, मगर, तामाङ, दलित जस्ता विभिन्न जातजातिकाहरूको संस्कार र संस्कृतिक चिनारी । | विवाह, व्रतवन्ध, श्राद्ध, मृत्यु पछिको दाहसंस्कारका बारेमा छलफल गर्ने र सम्भव भएमा भिडियो प्रर्दशन गर्ने<br><br>दौरा, सुरुवाल, टोपी, गुन्यू चोलो , तिलहरी, मारवाडी, नौगेडी सहित लगाएको भिडियो देखाउँने<br><br>दसैँ, तिहार, तिज, जनैपूर्णिमा, साउने सङ्क्रन्ती, माघे सङ्क्रान्ती क्वान्टी, साकेला जस्ता चाडपर्वको भिडियो देखाउँने र अन्तरक्रिया गराउँने<br><br>शङ्ख, पञ्चेबाजा, मुर्चुङ्गा, मादल, झ्याली, खैँजडी र विनायो वाजा वजाउँन सिकाउँने<br><br>विभिन्न जातजातिकाहरूको संस्कार र संस्कृतिक पर्वका बारेमा छलफल गर्ने र यस्ता पर्वमा प्रयोग हुने सामग्रीको प्रर्दशन गर्ने | चित्र, भिडियो<br><br>लुगा र गहरगहना लगाएको तस्वीर<br><br>चित्र, भिडियो आदी ।<br>पोस्टर , चित्र<br><br>बाजाको भिडियो<br><br>श्रोत व्यक्ति | वैवाहिक संस्कार कसरी गरिन्छ भन्न वर्णन गर्न लगाउँने<br><br>१६ संस्कार ८४ पूजा विधि सामूहिक रूपमा भन्न र वर्णन गर्ने<br><br>सम्वन्धित विषयमा छोटा छोटा प्रश्नहरु निर्माण गरी प्रश्नोत्तर गर्ने, छलफल र अन्तरक्रियामा भएको सक्रियतालाई हेरी मुल्याङ्कन गर्ने | १७ घण्टी |
| हाम्रो सम्पदा र पर्यटन | -पर्यटकीय तथा धार्मिक स्थल मनकामनाको चिनारी, महत्व र | -पर्यटकीय तथा धार्मिक स्थल मनकामना धाम | -पर्यटकीय तथा धार्मिक स्थल मनकामना धामको परिचय, यसको धार्मिक, ऐतिहासिक र पर्यटकीय, | -चित्र, पोस्टर प्रदर्शन गरीपर्यटकीय तथा धार्मिक स्थल मनकामना धामको परिचय दिने । | -रमिते डाँडाको चित्र/ पोस्टर श्रव्यदृश्य सामग्री | -पर्यटकीय तथा धार्मिक स्थल मनकामना धामकोऐतिहासिक, धार्मिक | **१७ घण्टी** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संरक्षणका उपायहरु बताउँन । | | महत्व र संरक्षणका उपायहरु । | -धार्मिक, ऐतिहासिक महत्व झल्कने श्रव्यदृश्य सामाग्री प्रदर्शन गरी छलफल गर्ने ।<br>-पर्यटकीय तथा धार्मिक स्थल मनकामना धामको स्थलगत भ्रमण गराई प्रतिवेदन तयार गर्न लगाउँने । | | महत्व र संरक्षका उपायहरु उल्लेखहरु गर्न लगाउँने ।<br>-स्थलगत अध्ययन, अवलोकन, छलफल तथा अर्न्तकृयाको आधारमा प्रतिबेदन तयार पार्न लगाई प्रस्तुतीकरण गर्न लगाउँने । | |
| पेसा, उद्यमशीलता र प्रविधि | - स्थानीय क्षेत्रमा हुनेर गर्दै आईरहेका खेतीको परिचय दिन<br>- पर्यटन व्यवसाय सम्बन्धी जानकारी र महत्व प्रस्तुत गर्न । | - स्थानीय क्षेत्रमा हुनेर गर्दै आईरहेका खेतीको परिचय<br>- पर्यटन व्यवसाय सम्बन्धी जानकारी र महत्व | - स्थानीय क्षेत्रमा हुने र गर्दै आईरहेका (आलु खेती, जडिबुटी खेती र प्रशोधन, धान, मकै, गहुँ, कोदो, कागती र सुन्तला खेती) खेतीको परिचय<br>- स्थानीय क्षेत्रमा पर्यटन व्यवसायको महत्व | - स्थानीय क्षेत्रमा हुने/गर्दै आएका खेतीपाती (आलु खेती, जडीबुटी खेती र प्रशोधन, धान, मकै /गहुँ/ कोदो, कागती र सुन्तला खेती) का बारेमा जानकारी दिने<br>- विद्यालय नजिकै भएको उल्लेखित खेतीपाती भएको स्थानमा अवलोकन भ्रमण गराइ त्यहाँ कुनै एक कृषि उत्पादनको महत्व र त्यसले स्थानीय क्षेत्रमा पारेको प्रभावबारे स्थानीय कृषक/कृषि व्यवसायीसँग छलफल गरी बुँदागत रूपमा टिपोट गर्न लगाउँने ।<br>- स्थानीय स्तरमा भएका पर्यटकीय क्षेत्र तथा पर्यटन व्यवसायको सूची बनाई प्रस्तुत गर्ने ।<br>- स्थानीय स्तरमा भएको कुनै पर्यटन व्यवसाय सञ्चालन भएको ठाउँमा अवलोकन भ्रमण गराई पर्यटन व्यवसायीसँग भेट गराई त्यसका फाइदाहरूका बारेमा छलफल गर्ने ।<br>- पर्यटन व्यवसाय सञ्चालनबाट स्थानीय समुदायमा पार्ने सकरात्मक प्रभावहरू ( आर्थिक, सामाजिक) का बारेमा स्थानीय विज्ञसँग अन्तक्रिया गराइसमूहगत रूपमा प्रतिवेदन तयार पार्न लगाउँने र प्रस्तुत गर्न लगाउँने । | - स्थानीय क्षेत्रमा हुने/गर्दै आएका खेतीपाती हुँदै आएका बालीहरूको चित्रसहितको सूचीचार्ट<br>- कृषि प्रणाली सम्बन्धी श्रव्यदृश्य सामग्री, पुस्तक, ब्रोसर, आदि<br>- पर्यटन व्यवसाय सम्बन्धी जानकारीमूलक श्रव्यदृश्य सामग्री, पुस्तक, ब्रोसर, आदि । | - आफू बसोबास गर्ने तथा आफ्नो विद्यालय वरिपरीको ठाउँमा गर्दै आएका विभिन्न कृषिबालीहरूको सूची बनाई प्रस्तुत गर्न लगाउँने ।<br>- स्थानीय क्षेत्रमा हुने/गर्दै आएका खेतीपातीका फाइदाहरू बुँदागत रूपमा लेखी प्रस्तुत गर्न लगाउँने ।<br>- पर्यटन व्यवसायको परिचय दिन लगाउँने ।<br>- पर्यटन व्यवसाय सञ्चालनबाट हुने फाइदाहरू समेटेर निबन्ध लेखन प्रतियोगिताको आयोजना गर्ने ।<br>- विद्यार्थीहरूले तयार पारेको प्रतिवेदनको मूल्याङ्कन गर्ने । | १७घण्टी |
| स्वास्थ्य, पोषण र सरसफाई | -भोजनको परिचय र प्रकार बताउँन ।<br>-आसनको परिचय दिन र अभ्यास गर्न । | -भोजन तथा पोषणको व्यबस्थापन<br>-योगासनको परिचय र प्रकार | -भोजनको परिचय र प्रकारः- सात्विक, राजसी, तामसीक स्वास्थ्य र सन्तुलित आहार<br>-आहार सुद्धि र चित्त सुद्धि<br>-प्राकृतिक चिकित्सा र पौष्टिक | -सात्विक, राजसीक र तामासीक खानेकुराको विशेषताका बारेमा छलफल गराउने र तीनै प्रकारका खानेकुरा खाँदाको अनुभव विद्यार्थीलाई भन्न र लेख्न लगाउने । | -सातिवक, राजसीक र तामासीक भोजन अन्तरगत पर्ने खानाहरु - | -सात्विक, राजसीक तथा तामासीक भोजनको सूची बनाउँन, भन्न र लेख्न लगाउने ।<br>-सूर्य नमस्कारको अभ्यास | २० घण्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आहार<br>-योगासनको परिचय र महत्व<br>सूर्य नमस्कार<br>-योगासनको प्रकारहरुः सिद्धासन पद्मासन, शशाकासन, मन्डुकासन, मर्कटासन, पवनमुक्तासन, धनुषासन, गोमुखासन, सवासन, हलासन र अभ्यास । | -भोजभतेर र चाडपर्वको खानाको साधरण खानासँग तुलना गरेर देखाउँने।<br>-सातिवक भोजनको प्रयोगबाट हुने फाइदाहरु बताउँने<br>-सूर्य नमस्कारको भिडियो प्रदर्शन गर्ने<br>-सूर्य नमस्कार शिक्षकले गरेर देखाउने र विद्यार्थीलाई पनि सँगै अभ्यास गर्न लगाउँने ।<br>-सूर्य नमस्कारको महत्वको बारेमा छलफल गर्ने<br>-योगासनको परिचय, प्रकार, आवश्यकता र महत्वका बारेमा छलफल गर्ने ।<br>-योगासनका बारेमा स्थानीय विज्ञसँग  छलफल तथा अन्तरक्रिया गराउँने<br>-योगासनको उपयोगिता बताउने सूर्य नमस्कार लगायत विभिन्न प्रकारका योगासन प्रदर्शन गरि विद्यार्थीहरुलाई अभ्यास गर्न लगाउँने | उल्लेखित चार्ट सूर्य नमस्कारको चित्र, पोष्टर तथा भिडियो<br>-योगासनको चित्र, पोष्टर र भिडियो आदि । | गर्न लगाइ अवलोकन गर्ने ।<br>विभिन्न प्रकारका आसनहरुको अभ्यास गर्न लगाई अवलोकन गर्ने र आवश्यकता अनुसार पृष्ठपोषण दिने । | |
| वातावरण, प्रकोप र हरित तथा सुरक्षित विद्यालय | - हरित विद्यालयको अवधारणालाई आफ्नो दैनिक जीवनमा अवलम्बन गर्न<br>- इको क्लबमा सहभागि भइकार्य गर्न | - हरित विद्यालय र सिकाइ<br>- इको क्लब | - हरित विद्यालयको कार्ययोजना, क्षेत्र निर्धारण, हरित विद्यालय निर्माण अभ्यास<br>- इको क्लबको परिचय, गठन प्रक्रिया, उद्देश्य, काम कर्तव्य र अधिकार, इको क्लबको आवश्यकता | - हरित विद्यालय हुन आवश्यक पर्ने आधारभूत पक्षहरूको अवगत गराउँने<br>- आफ्नो विद्यालयमा अवलम्वन गर्न सकिने आधारभूत पक्षहरूको छलफल गराउँने<br>- विद्यार्थीहरूलाई हरित विद्यालय निर्माणको अभ्यास गराउँने<br>- इको क्लबको परिचय, महत्व आदिको वारेमा छलफल गराई इको क्लबको गठन गर्न लगाउँने । | -चार्ट पेपर, श्रव्यदृष्य सामग्री, चार्ट पेपर<br>-चार्ट पेपर, श्रव्यदृष्य सामग्री | - समूहमा रही कार्य विभाजन गरी हरित विद्यालयको कुनै एक आधारभूत पक्षको कार्यन्वयन गर्न लगाउँने<br>- इको क्लबले वर्ष भरि गर्ने क्रियाकलापको कार्य योजना बनाउन लगाउँने । | १७घण्टी |

## ६ पाठ्यघन्टी र अङ्क विभाजन तालिका

कक्षा: १-८

| क.स. | क्षेत्र | कक्षा १-३ | | कक्षा ४-५ | | कक्षा ६-८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्य घण्टी | अङ्कभार | पाठ्य घण्टी | अङ्कभार | पाठ्य घण्टी | अङ्कभार |
| १ | हाम्रो नगरपालिका | ३५ | २२ | ३५ | २२ | २३ | १९ |
| २ | भाषा, कला र साहित्य | १९ | १२ | १९ | १२ | १७ | १३ |
| ३ | हाम्रो संस्कार, संस्कुती र व्यक्तित्व | १९ | १२ | १९ | १२ | १७ | १३ |
| ४ | हाम्रो सम्पदा र पर्यटन | १९ | १२ | १९ | १२ | १७ | १३ |
| ५ | पेसा, उधमशीलता र प्रविधि | १९ | १२ | १९ | १२ | १७ | १३ |
| ६ | स्वास्थ्य, पोषण र सरसफाई | २६ | १६ | २६ | १६ | २० | १६ |
| ७ | वातावरण प्रकोप र हरित तथा सुरक्षित विद्यालय | २३ | १४ | २३ | १४ | १७ | १३ |
| | जम्मा | १६० | १०० | १६० | १०० | १२८ | १०० |

## ७ सिकाइ सहजीकरण प्रक्रिया

यस पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरूबीच प्रभावकारी शिक्षण गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, वेवमा आधारित सामग्री र स्थानीय विज्ञसँगको अन्तरक्रियालगायतको अधिकतम प्रयोग गर्नु पर्नेछ। सिकाइ सहजीकरण गर्न देहायका विधिहरू अपनाउन सकिने छ :

(क) **आधारभूत शिक्षण विधि:**छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि

(ख) **अनुसन्धानमा आधारित शिक्षण विधि :** कार्यमूलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन

(ग) **बैकल्पिक शिक्षण विधि :**श्रव्यदृश्य विधि, सङ्गीत शिक्षण विधि, कथाकथन विधि, सूचना तथा सञ्चार प्रविधिमा आधारित विधि, सहपाठी अवलोकन विधि

## ८. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाको आधारमा गरिने छ :

१ आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गर्ने प्रावधान नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेअनुसार निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई अवलम्बन गरिने छ ।

२ विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative) पद्धति तथा निर्णयात्मक (Summative)पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical)दुवै अपनाउनुपर्ने छ ।

३ स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफैँ गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकाले नियमित रूपमा विद्यार्थीहरूले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रक्रियालाई प्रोत्साहन गरिनेछ ।

४ प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाईल रहने छ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहार परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख राखी सोही आधारमा मूल्याङ्कन गरिने छ ।

५ कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ । कक्षा १-३ को मूल्याङ्कन पश्चात् विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेखिकरणको प्रक्रिया अपनाइविद्यार्थीको सिकाइ उपलब्धिलाई “क”, “ख” र “ग” तीन श्रेणीमा विभाजन गर्नुपर्दछ ।

६ कक्षा ४-५ मा ५०% निरन्तर मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) र ५०% निर्णयात्मक (बार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । बिद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा गरिने छ ।

७ निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक, र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिने छ ।

८ कक्षा ६-७ मा ६०% निर्णयात्मक (वार्षिक परीक्षा) र ४०% निर्माणात्मक (निरन्तर मूल्याङ्कन पद्धति) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ ।

९ आधारभूत तहको अन्त्य (कक्षा ८) मा ६०% निर्णयात्मक (बार्षिक परीक्षा) र ४०% निर्माणात्मक/प्रयोगात्मक पद्धतिबाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० % हुने छ ।

१० .विद्यार्थीहरूको मूल्ल्याङ्कन गर्दा ज्ञान तह (Knowledge Level)का अति छोटा प्रश्नहरू, बोध तह (Understanding Level) का छोटा प्रश्नहरू र उच्च तह (Higher Abilities) का लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समाबेस गर्नुपर्ने छ ।

११ प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमूनाहरू बनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउँने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यसभित्र विषयवस्तुको ज्ञान, बोध, सीपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहार परिवर्तन जस्ता पक्षहरू समेट्नुपर्ने छ ।

१२ प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्ने छ । ज्ञघ कक्षा १देखि ८ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रुब्रिक्सको विकास गरिने छ । रुब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाईने छ । विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख गरेको प्रावधान प्रतिकूल नहुने गरी अनुसूची(१ मा उल्लेख गरेबमोजिम हुने छ ।

## ९ पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्वपूर्ण हुने छ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराईने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिने छ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम्सम्बन्धित विषय तथा क्षेत्रमा जानीफकार व्यक्तिहरू स्रोतव्यक्तिका रूपमा रहने छन्। विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यअनुसार स्थानीय भाषा, नेपाली भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्ने छन् । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ । विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइने छ । पाठ्यक्रममा आधारित भइ पाठ्यसामग्रीको बिकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

## १० समय निर्धारण

आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक पाठ्यभार ५ घन्टी हुने छ जसमा १६० घन्टी दिइएको छ । त्यसैगरी आधारभूत तह कक्षा ४-८ मा स्थानीय विषयको साप्ताहिक ४ पाठ्यभार र १०० पूर्णाङ्क कायम गरी १२८ पाठ्यघन्टी दिइएको छ । प्रत्येक शैक्षिक सत्र वैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधिबमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्नेछ र २०० दिन पठनपाठन हुने छ ।

## अनुसूची(१)

विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा

(क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा कक्षा :

### १-३ औसत अङ्क

विशिष्टीकरण तालिका

| क.स. | कार्यविवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | १० |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | १० |
| ३ | कक्षाकार्य/गृहकार्य | १० |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | ३० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ३० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | १० |
| | जम्मा | १०० |

### ४-५ औसत अङ्क

विशिष्टीकरण तालिका

| क.स. | कार्यविवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | ५ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | ५ |
| ३ | कक्षाकार्य/गृहकार्य | ५ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | १५ |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | १५ |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | ५ |
| | जम्मा | ५० |

**६-८ औसत अङ्क**

विशिष्टीकरण तालिका

| **क.स.** | **कार्यविवरण** | **अङ्कभार** |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | ५ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | ५ |
| ३ | कक्षाकार्य/गृहकार्य | ५ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | १० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | १० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | ५ |
| | जम्मा | ४० |

**(ख) निर्णयात्मक (आवधिक) परीक्षा**

**कक्षा : ४-५**

पूर्णाङ्क : ५०

उत्तीर्णाङ्क : अक्षराङ्कमा मूल्याङ्कन गरिने

समय : १ घण्टा ३० मिनेट

औसत प्रश्न तालिका (तहगत रूपमा)

| ज्ञान तह (Knowledge Level) | बोध तह (Understanding Level) | उच्च तह (Higher Abilities) |
|---|---|---|
| ३०% | ३०% | ४०% |

**कक्षा : ६-८**

पूर्णाङ्क : ६०

उत्तीर्णाङ्क : अक्षराङ्कमा मूल्याङ्कन गरिने

समय : १ घण्टा ४८ मिनेट

औसत प्रश्न तालिका (तहगत रूपमा)

| ज्ञान तह (Knowledge Level) | बोध तह (Understanding Level) | उच्च तह (Higher Abilities) |
|---|---|---|
| ३०% | ३०% | ४०% |

**कक्षा ४-५ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)**

| प्रश्न / क्षेत्र | संक्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | **जम्मा प्रश्न संख्या** | **पूर्णाङ्क** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | | |
| हाम्रो नगरपालिका | २ | १ | २ | ३ | २ | ६ | १ | ३ | ३ | ६ | ११ |
| भाषा, कला र साहित्य | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| हाम्रो संस्कार, संस्कुती र व्यक्तित्व | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| हाम्रो सम्पदा र पर्यटन | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| पेसा, उधमशीलता र प्रविधि | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| स्वास्थ्य, पोषण र सरसफाइ | १ | १ | १ | २ | २ | ४ | १ | ३ | ३ | ४ | ८ |
| वातावरण प्रकोप र हरित तथा सुरक्षित विद्यालय | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| **जम्मा** | ९ | १ | ९ | १० | २ | २० | ७ | ३ | २१ | २६ | ५० |

नोट :

१प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।
२ ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोधका २ अङ्कका र उच्चतहमा ३ अङ्कका हुने छन्।
३ ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नु पर्नेछ ।

**कक्षा ६-८ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)**

| **प्रश्न** / **क्षेत्र** | संक्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | **जम्मा प्रश्न संख्या** | **पूर्णाङ्क** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | | |
| हाम्रो नगरपालिका | ३ | १ | ३ | २ | २ | ४ | १ | ४ | ४ | ६ | ११ |
| भाषा, कला र साहित्य | २ | १ | २ | १ | २ | २ | १ | ४ | ४ | ४ | ८ |
| हाम्रो संस्कार, संस्कुती र व्यक्तित्व | २ | १ | २ | १ | २ | २ | १ | ४ | ४ | ४ | ८ |
| हाम्रो सम्पदा र पर्यटन | २ | १ | २ | १ | २ | २ | १ | ४ | ४ | ४ | ८ |
| पेसा, उधमशीलता र प्रविधि | २ | १ | २ | १ | २ | २ | १ | ४ | ४ | ४ | ८ |
| स्वास्थ्य, पोषण र सरसफाइ | ३ | १ | ३ | १ | २ | २ | १ | ४ | ४ | ५ | ९ |
| वातावरण प्रकोप र हरित तथा सुरक्षित विद्यालय | २ | १ | २ | १ | २ | २ | १ | ४ | ४ | ४ | ८ |
| **जम्मा** | १६ | १ | १६ | ८ | २ | १६ | ७ | ४ | २८ | ३१ | ६० |

नोट :

१ प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

२ ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोधका २ अङ्कका र उच्चतहमा ३ अङ्कका हुने छन्।

३ ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नु पर्नेछ